
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २८५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ कार्तिक २७ गते आइतबार ❑ 13 Nov. 2022 ❑ पृष्ठ ६ ❑ मूल्य रू. ५ ।-


## शान्ति र विकासका लागि गठबन्धन : प्रधानमन्त्री देउवा

**रासस**
**चितवन, २६ कार्तिक**

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले स्थायी शान्ति र विकासका लागि लोकतान्त्रिक-वाम गठबन्धनले निर्वाचन जित्नुपर्ने बताउनुभएको छ।

लोकतान्त्रिक-वाम गठबन्धन चितवनले आज यहाँ आयोजना गरेको आमसभालाई सम्बोधन गर्दै उहाँले राष्ट्रमा स्थायी शान्ति र विकास गरेर देशलाई धनी बनाउन गठबन्धनले जित्नुपर्ने बताउनुभयो। राष्ट्रिय एकता स्थापित गरेर सम्पूर्ण नेपालीलाई एक बनाउनुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, "आफ्नै देशमा उद्योग खोलेर जलस्रोतको



विकास गरेर नेपाललाई सम्पन्न बनाउनुपर्छ । नेपालभित्रै रोजगारी सिर्जना गरी कोही पनि विदेश जानु नपरोस् भन्ने चाहना मेरो छ।"

ठूलो सङ्घर्षबाट प्राप्त भएको गणतन्त्र स्थायी रूपमा स्थापित गर्न र सङ्घीय शासन व्यवस्था, समावेशिता, हिमाल, पहाड मधेससहित मेचीमहाकालीसम्मको भूभागलाई एक बनाएर लैजाने आफ्नो प्रयास रहेको उहाँले बताउनुभयो । प्रधानमन्त्री देउवाले भन्नुभयो, "यसलाई अझबढी एकताबद्ध बनाउने भन्ने हो ।" यसैका लागि अहिले गठबन्धनको सरकार रहेको र भोलि पनि हुनुपर्ने उहाँले बताउनुभयो । गठबन्धनको जित भएमा राष्ट्रिय एकता स्थापित हुने उहाँको विश्वास थियो। उहाँले भन्नुभयो, "गठबन्धनको एकता भएर अघि बढ्यो भने समावेशी, समानुपातिक मात्रै नभएर राष्ट्रिय एकता पनि स्थापित हुने विश्वास लिएको छु ।" अहिलेको संविधानमा मनपरि तरिकाले संसद् विघटन गर्ने अधिकार नभएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "अहिलेको संविधानमा मनपरी तरिकाले संसद् विघटन गर्ने अधिकार प्रधानमन्त्रीलाई छैन ।" तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले संविधानलाई आफ्नो खेलाउना जस्तो गरेर दुई पटक विघटन गरेको उल्लेख गर्दै उहाँले त्यसलाई सबै मिलेर फिर्ता ल्याएको


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## सञ्चारकर्मीले समृद्धिका लागि योगदान गर्नुपर्छ : वरिष्ठ उपाध्यक्ष श्रेष्ठ

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ कार्तिक**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले लोकतन्त्रको रक्षा गर्दै नेपाली समाजको समृद्धिका लागि सञ्चारकर्मीको भूमिका महत्वपूर्ण रहेको बताउनभुएको छ।

प्रेस सेन्टर नेपाल पोखरा महानगर कमिटीको प्रथम वार्षिकोत्सवका अवसरमा शनिबार पोखरामा आयोजना गरिएको शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले विगतमा पनि लोकतन्त्र र परिर्वतनका लागि सञ्चार क्षेत्रले राम्रो भूमिका निर्वाह गरेको उल्लेख गर्नुभयो । उपाध्यक्ष श्रेष्ठले भन्नुभयो, "नेपालको परिर्वतनको आन्दोलनमा सञ्चार क्षेत्रको भूमिका असाध्यै




महत्वपूर्ण रहेको जगजाहेर छ । लोकतन्त्र, संविधानको रक्षा र समृद्धिका लागिसमेत आगामी दिनमा सञ्चारकर्मीले नेतृत्वदायी भूमिका पूरा गरेर समृद्धिका लागि योगदान पुर्‍याउन आग्रह गर्दछु ।" आगामी मङ्सिर ४ गतेको निर्वाचनमा अग्रगमनकारी र परिर्वतनका पक्षधर शक्तिहरूको गठबन्धनले विजय प्राप्त गर्दा मात्र देशमा स्थिरता र विकास हुने उहाँले उल्लेख गर्नुभयो । कार्यक्रममा अग्रज पत्रकार एवं राष्ट्रिय समाचार समितिका पूर्वाध्यक्ष कोमलनाथ बराल, गङ्गाधर पराजुली, प्रेस सेन्टरका केन्द्रीय उपाध्यक्ष त्रिभुवन पौडेल, नेकपा (एकीकृत समाजवादी) कास्कीका प्रवक्ता पूर्ण लामा, प्रेस सेन्टर पोखरा महानगरका अध्यक्ष शिवराज बस्ताकोटी लगायतले जनपक्षीय पत्रकारिताका माध्यमबाट समाज रुपान्तरणमा योगदान गर्न सञ्चारकर्मीहरूमा आग्रह गर्नुभएको थियो।

## संघीयता र लोकतन्त्रको मजबुती नै आवधिक निर्वाचन : मुख्यमन्त्री पोखरेल

### निर्वाचनका लागि गण्डकीमा भौगोलिक विकटता मुख्य चुनौती

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ कार्तिक**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले मङ्सिरमा हुने निर्वाचन सफल बनाउन तिनै तहको सरकार एक भएर लाग्नुपर्ने बताउनुभयो।

पोखरामा आयोजित प्रदेशस्तरीय सुरक्षा बैठकमा उहाँले निर्वाचन भयरहित, स्वतन्त्र बनाउनका लागि स्थानीय, प्रदेश र सङ्घीय सरकार एक भएर लाग्नुपर्ने बताउनुभएको हो। "आयोगलाई सरकारले पैसा छुट्याएको छ। त्यो भएन भने प्रदेश सरकारले हेरेर बस्ने कुरा पनि भएन", उहाँले भन्नभयो, "हाम्रो लक्ष्य यो अभियानलाई सफल बनाउने हो।"

सङ्घीयता र लोकतन्त्रको मजबुती नै आवधिक निर्वाचनमा आधारित भएकाले यसलाई सफल बनाउन सबै क्षेत्र लाग्नुपर्ने उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, "निर्वाचन एउटा प्रक्रिया मात्रै होइन । निर्वाचन यसो उसो गरेर भोट हालेर पठाउने मात्रै पनि होइन, भयरहित, शान्तिपूर्ण निर्वाचन भनेको जनताको मौलिक अधिकार पनि हो र जनताको आशा पनि हो।"

यो पाँच वर्षको अवधिमा भएका काम र व्यवस्थाको निरन्तरता यो पटकको निर्वाचनले कायम गर्नुपर्ने उहाँले बताउनुभयो । पाँच वर्षको सङ्घीयताको कार्यान्वयनको सन्दर्भमा प्रत्येक क्षेत्र नयाँ प्रयोग भएको उहाँले बताउनुभयो । अधिकार क्षेत्रका विषयमा केन्द्रसँग विमती रहेको पनि उहाँले सुनाउनुभयो। विविध समस्या रहँदारहँदै पनि निर्वाचन सफल बनाउन पछि नहट्ने उहाँको भनाइ थियो।

यसैगरी आसन्न मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन सम्पन्न गर्न गण्डकी प्रदेशमा भौगोलिक विकटता मुख्य चुनौती हुने देखिएको छ। मनाङ, मुस्ताङ र उत्तरी गोरखामा अहिले हिउँ पर्न थालिसकेको छ। प्रदेश सुरक्षा समन्वय समितिका अनुसार हिउँ पर्ने स्थानमा चुनौती देखिएको हो। समितिका अनुसार गोरखाका २२, मनाङका पाँच र म्याग्दीका तीन वटा गरी ३० मतदानस्थलका मतपेटिका हेलिकप्टरबाट ढुवानी गर्नुपर्ने बाध्यता छ । यी क्षेत्रमा मतदातालाई मतदानका लागि समस्या हुने आँकलन समितिको छ। समितिका सदस्य सचिव बद्रीनाथ अधिकारीले गण्डकीको सुरक्षा अवस्थाबारे जानकारी गराउँदै करिब १८ हजार सुरक्षाकर्मी खटाइने बताउनुभयो।

पोखरामा भएको प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा राजनीतिक दल र उम्मेदवारबीच अस्वस्थ प्रतिस्पर्धा पनि चुनौती हुने विषयमा छलफल भएको थियो । निर्वाचनमा परिचालित कर्मचारीको सुरक्षा, कर्मचारीको व्यवस्थापकीय त्रुटी, भौगोलिक विकटता र मौसमका कारण मतपेटिका ढुवानीमा हुन सक्ने कठिनाइ पनि निर्वाचन सुरक्षाका चुनौती हुन् । गण्डकी प्रदेशमा प्रतिनिधिसभातर्फ एक सय ९६ र प्रदेशसभातर्फ दुई सय ३५ उम्मेदवार छन्। प्रतिनिधिसभातर्फ २२ महिला र प्रदेशसभातर्फ २९ महिला उम्मेदवार छन् । गृह मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले इजाजत लिएका हातहतियार अझै नबुझाएका कारण चुनौती बढेको बताउनुभयो। "इजाजत लिएका हतियार एक हजार आठ सय हाराहारी मात्रै बुझाएका छन् । बाँकी हतियार आएको छैन", उहाँले भन्नुभयो, " अवाञ्छित गतिविधि होला भनेर १५ दिन अगाडिदेखि नै रक्सी बिक्री वितरणमा रोक लगाएका छौँ । ७२ घण्टा अगाडि बोर्डर सिल गरिन्छ।"

गण्डकीको गोरखामा रुइला भन्ज्याङ, नवलपुरको छोटी भन्सार तथा मुस्ताङको कोरला नाका सिल हुनेछ। यद्यपि उत्तरका नाका कोरोना कालदेखि नै बन्द अवस्थामा छन् । छोटी भन्सार खासै चहलपहल छैन। गण्डकीमा निर्वाचनका लागि पाँच हजार सात सय ९९ प्रहरी खटिनेछन् । ११ हजार पाँच सय ८० म्यादी प्रहरी, पाँच सय १६ मोबाइल प्रहरी र छ सय ८८ म्यादी प्रहरी तैनाथी हुनेछन् । दुई सय २८ प्रहरी र एक सय २१ म्यादी प्रहरी रिजर्भमा राखिएका छन् । कारागारका मतदानस्थलमा ३०


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## मनोसामाजिक अपाङ्गता भएकाको मताधिकार सुनिश्चितताको माग

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ कार्तिक**

आसन्न मङ्सिर ४ गते हुने आमनिर्वाचनमा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिले अन्य व्यक्ति सरह समान रूपले प्रतिनिधित्व गर्न पाउने वा मत दिने वातावरण नभएको भन्दै प्रदेश निर्वाचन अधिकृत होमनाथ पराजुलीलाई ध्यानाकर्षण पत्र बुझाइएको छ।

सो सम्बन्धमा इन्द्रराज सुवेदी, कल्याणबन्धु वाग्लेसहितको टोलीले विभिन्न कानुन निर्देशिका लगायतमा भएको विभेदकारी प्रावधानका कारण मनोसामाजिक अपाङ्गता भएकाहरु मताधिकार एवं उम्मेदवार हुने अधिकारबाट वञ्चित हुनु परेको जनाउँदै शुक्रबार यहाँ ध्यानाकर्षणपत्र बुझाउनु भएको हो।

प्रचलित ऐन, नियम, नियमावली तथा निर्देशिकाहरूमा मानसिक सन्तुलन ठीक नभएको व्यक्ति चुनावी प्रक्रियामा भाग लिई मतदान गर्न र उम्मेदवार हुन अयोग्य छन् भनी किटान गरिएकाले यस अवस्थामा व्यक्तिहरुले आफ्नो अधिकार उपभोग गर्नबाट वञ्चित भएकाले यसलाई संशोधन गर्नुपर्ने उहाँहरुको माग छ।

संविधानको प्रस्तावनामा सामाजिक न्याय सुनिश्चितता गर्ने समानुपातिक समावेशी सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने सङ्कल्प गरिएको भएपनि विभेदकारी कानुनले यस अवस्थाका व्यक्ति मताधिकारबाट वञ्चित हुनु परेको सुवेदीले बताउनुभयो।

उहाँले उल्लिखित ऐनमा व्यवस्था गरिएका मानसिक समस्या वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई आफ्नो मताधिकार प्रयोग वा उम्मेदवार बन्नबाट रोक लगाउने बुँदाहरू हटाउनुपर्ने माग ध्यानाकर्षणपत्रमा उल्लेख गरिएको बताउनुभयो । प्रदेश निर्वाचन अधिकृत पराजुलीले निकै पहिलेदेखि नै उठिरहेको यस विषय महत्वपूर्ण रहेको जनाउँदै कसैको आत्मसम्मानमाथि चोट पुग्ने र मताधिकारबाट वञ्चित हुने कार्यलाई रोक्न सक्दो पहल गर्ने बताउनुभयो।

## राष्ट्रिय खेलकुदमा पदक विजेता खेलाडीलाई सम्मान

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ कार्तिक**

पोखरा महानगरपालिकाले नवौं राष्ट्रिय खेलकुदमा पदक प्राप्त गर्ने खेलाडीलाई सम्मान गरेको छ । राष्ट्रिय खेलकुदमा सहभागी भएर पदक प्राप्त गर्ने खेलाडी, प्रशिक्षक र व्यवस्थापक गरी एक सय ९२ जनालाई सम्मान गरिएको हो।

स्वर्ण पदक विजेता ३५, रजत पदक विजेता ३२ र कास्य पदक विजेता ८५ खेलाडीलाई सम्मान सहित क्रमशः जनही रु १५ हजार, रु १० हजार र कास्य रु पाँच हजार प्रदान गरिएको थियो। यसैगरी ३६ टोली व्यवस्थापक र ४० प्रशिक्षकलाई समेत सम्मान गरिएको थियो । महानगर प्रमुख धनराज आचार्यले खेलाडीलाई प्रदान गरिएको रकम सानो भए पनि हौसला बढाउन सहयोगी हुने विश्वास व्यक्त गर्नुभयो । खेलाडीको खेलजीवनको निरन्तरताका लागि आवश्यक सहयोग गर्न महानगरपालिका प्रतिबद्ध रहेको उहाँले बताउनुभयो।

पोखरालाई पर्यटनको राजधानी बनाउने अभियानमा महानगरको टोली रहेको चर्चा गर्दै नगरप्रमुख आचार्यले खेलमार्फत पर्यटन प्रवर्द्धनसहित यहाँ आवश्यक पूर्वाधार निर्माण गरिने जानकारी दिनुभयो।

महानगरले अङ्ग्रेजी नयाँ वर्ष २०२३ को अवसरमा पोखरामा आयोजना गर्न लागेको 'टुर दि पोखरा' कार्यक्रमका क्रममा आगामी पुस ६ गते दोस्रो संस्करणको राष्ट्रिय मेयरकप साइकल दौड प्रतियोगिता, २०७९ गर्ने जनाएको छ । पोखरा-१७ रानीवनबाट सुरु हुने उक्त प्रतियोगितामा देश तथा विदेशका साइकलयात्रीको सहभागिता रहने भएका छन्।

यसैगरी राष्ट्रिय खेलकुदमा पदक विजेता खेलाडीलाई गण्डकी प्रदेश खेलकुद परिषद्ले नगदसहित सम्मान गर्ने भएको छ। कार्यकारी समितिको शुक्रबार बसेको बैठकले उक्त निर्णय गरेको परिषद्का सदस्यसचिव घनश्याम पौडेलले जानकारी दिनुभयो।

उहाँका अनुसार मङ्सिर तेस्रो साताभित्रै खेलाडीलाई नगदसहित सम्मान गरिनेछ । खेलाडीसँगै खेल प्रशिक्षक, व्यवस्थापक र खेल सङ्घलाई समेत सम्मान गरिने जनाइएको छ । गण्डकी प्रदेशका तर्फबाट पदक विजेता खेलाडीलाई सम्मान गर्न परिषद्ले कार्यविधिसमेत तयार गरिसकेको जानकारी गराउँदै उहाँले सम्मान कार्यक्रमको व्यवस्थापन गर्न कार्यकारी सदस्य दिलबहादुर गुरुङको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको बताउनुभयो।

गत असोज २८ गतेदेखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशमा सञ्चालन भएको नवौं राष्ट्रिय खेलकुदमा गण्डकी प्रदेश प्रदेशस्तरमा प्रथम भएको थियो । गण्डकी विभागीय टोली पछि समग्रमा चौथो स्थान हासिल गरेको थियो। गण्डकीले ३२ स्वर्ण, ३१ रजत र ५८ कास्य पदक प्राप्त गरेको थियो।




# ८४ वर्ष पुरा गरेका भारतीय सेनाका पूर्व जनरल मेहतासगैं ११ जनालाई सम्मान

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ कार्तिक**



८४ वर्ष उमेर पुरा गरेका भारतीय सेनाका पुर्व मेजर जनरल अशोक मेहतासगै ११ जनालाई पोखरामा एक कार्यक्रम आयोजना गरि सम्मान गरिएको छ।

२/५ जी आर (एफ एफ) (भी सी पल्टन) पूर्व सैनिक परिवार पोखराको १३६ औ जन्म जयन्ती (मालाकाण्ड डे) को अवसरमा आयोजना गरिएको शुभकामना आदान प्रदान कार्यक्रममा ८४ वर्ष उमेर पुगेका पल्टनका सदस्य र उनीहरुका परिवारलाई सम्मान गरिएको हो । कार्यक्रममा कार्यक्रमका प्रमुख अतिथि मेहता सगै १०४ वर्षका राम प्रसाद गुरुङ गरि ११ जनालाई सम्मान गएिको थियो।

आफना पल्टनका पुर्व सैनिक परिवारसंग आफनो ८४ औ जन्मोत्सव मनाउन मेहता पोखरा आएका हुन् । चार वर्ष अघि मेहताले आफनो ८० औ जन्मोत्सव समेत पोखरामा मनाएका थिए। पोखरा महानगरपालीका ३२ लामेआहाल स्थित बुद्धीमान गुरुङको घरमा आफनो ८० औ जन्मोत्सव मनाउने क्रममा मेहताले सोही दिन आफनो ८४ वर्षको जन्मोत्सव समेत पोखरा आएर मनाउने बताएका थिए। सन १९९३ मा अदिती संग पल्टनमा र त्यसपछि पोखराको विन्ध्यवासिनी मन्दिरमा आई उनले विहे समेत गरेका थिए।

कार्यक्रममा विभिन्न विषयमा स्नातक तह उत्तिर्ण गरेका सैनिकका परिवारका ९ जनालाई सम्मान गरिएको आयोजक २/५ जी आर (एफ एफ) (भी सी पल्टन) पुर्व सैनिक परिवार पोखराका अध्यक्ष सुदर्शनसिंह थापाले जानकारी दिए । आयोजक संस्थाका सचिव दल बहादुर गुरुङका अनुसार अनुसार समितिले वर्षमा दुई पटक भि सि डेका अवसरमा २६ जुनमा र मालाकाण्ड डे का अवसरमा १० नेभेम्वर गरि वर्षको दुई पटक विशेष कार्यक्रम आयोजना गरि वार्षिकोत्सव मनाउने गरेको छ।

पोखरा आउदा प्राय भारतीय पेन्सन क्याम्प रामवजारमा वस्दै आएका मेहता विगत १०/११ वर्षदेखी लामेआहाल स्थित सुवेदार यामवहादुर गुरुङको घरमा वस्ने गरेका छन् । भारतीय सेनाको २/५ जिआरमा काम गरेका गुरुङलाई छोरा मान्ने मेहता नेपाल आउदा प्राय उनकै घरमा वस्ने गरेका छन् । गुरुङलाई छोरा मान्ने मेहता वर्षमा ३/४ पटक पोखरा आउने गरेका र आउदा उनकै घरमा वस्ने गरेका छन् । मलाई विहान वेलुका धेरै हिड्न पर्छ पेन्सन क्याम्पमा वस्दा हिड्ने स्थान छैन तर लामेआहलमा वस्दा चारै तिर पहाड छ र हिड्नका लागि सहज हुने गरेका कारण आफु लामेआहाल आएर वस्ने गरेको मेहताले वताए । शाकाहारि खाना खाने उनले प्राय नेपाली खाना र साग सब्जी मन पराउने गरेको गुरुङ वताउछन् ।

# 'जतनाले दिएको समर्थनले उत्साहित छु'-एमाले उम्मेदवार अधिकारी

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ कार्तिक**



नेकपा एमालेको तर्फबाट कास्की क्षेत्र नम्वर १ (१) का प्रदेश सभा सदस्य उम्मेदवार खगराज अधिकारीले जनताबाट पाएको माया, सद्भाव र समर्थनले आफू उत्साहित भएको बताएका छन्।

पोखरा महानगरपालिका वडा नम्वर २७ र ३१ मा भएको घरदैलो कार्यक्रममा नेता अधिकारीले उक्त कुरा बताएका हुन् । एमालेका संगठन विभाग प्रमुख समेत रहेका नेता अधिकारीले यो देशको विकासको लागि एमाले जनताको रोजाई रहेको बताए । त्यहाँका स्थानियले जनताको सुख दुःखमा सदैव साथ रहने नेताको रुपमा खगराज अधिकारीलाई पाएको भन्दै आगामी निर्वाचनबाट निर्वाचित भएर विकासका थप कामलाई अगाडी बढाउन आग्रह गरे। उम्मेदवार अधिकारीले आफू सदैव आफू जनताको बिचमा रहेर काम गर्दै आएको बताउदै जनताकै सल्लाह र समन्वयमा विकासका योजनाहरु अगाडी बढाईने बताए। वडा नम्वर २७ को घरदैलोको क्रममा स्थानीयले आफ्नो अभिभावकको रुपमा नेता अधिकारीले सहयोग गर्दै आएको उल्लेख गर्दै जितको अग्रिम शुभकामना दिएका थिए।

कास्की क्षेत्र १ (१) मा नेकपा एमालेले मंसिर ४ गते हुने चुनाव केन्द्रित रहेर प्रचार प्रसारलाई तिव्रता दिएको छ।

# ज्ञानमार्ग टोल विकास संस्थामा सिसी क्यामरा जडान

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ कार्तिक**



पोखरा महानगरपालिका वडा नं ४ गैह्रपाटन स्थित ज्ञानमार्ग टोल विकास संस्थाको १० औं वार्षिक साधारण सभा शनिवार सम्पन्न भयो।

वडा नं ४ का वडा अध्यक्ष देवकृष्ण पराजुलीले व्यानरमा हस्ताक्षर गरी उद्घाटन गरेका थिए। साथै अध्यक्ष पराजुलीले प्रोजेक्टर तथा ल्यापटपको स्विच अन गरी टोलमा जडान गरिएको सात वटा सिसी क्यामराको पनि उद्घाटन गरे।

ज्ञानमार्ग टोल विकास संस्थाका अध्यक्ष नारायण कुमार श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा वडा सदस्य प्रकाश कोइराला, सल्लाहकार ई सुरेश श्रेष्ठ र डा कृष्णराज अधिकारी लगायत वोलेको कार्यक्रममा संस्थाका उपाध्यक्ष रामचन्द्र शर्माले स्वागत र सचिव शान्ति श्रीले संचालन गरेका थिए।

संस्थाका सचिव शान्ति श्रीस र कोषाध्यक्ष मनकुमार श्रेष्ठले प्रस्तुत गरेको प्रतिवेदन पारित भएको छ।

## संघीय...

प्रहरी र ५० म्यादी खटाइने प्रदेश सुरक्षा समन्वय समितिका सदस्य सचिव बद्रीनाथ अधिकारीले जानकारी दिनुभयो।

कर्मचारी मतदानस्थलमा १५ प्रहरी र २५ म्यादी, निर्वाचन सेलमा ८४ प्रहरीसहित छ हजार छ सय ८६ प्रहरी र १२ हजार चार सय ६४ म्यादी प्रहरी खटाइने उहाँले जानकारी दिनुभयो। गृहसचिव विनोदप्रकाश सिंहले निर्वाचन स्वच्छ, निष्पक्ष र धाँधलीरहित बनाउन कसैसँग पनि सम्झौता नगर्न निर्देशन दिनुभयो। गोष्ठीमा १० जिल्लामा प्रजिअ र सुरक्षा प्रमुख सहभागी हुनुभएको थियो । मनाङको टिमले भर्चुअल रुपमा सहभागिता जनाएको थियो । निर्वाचनमा अपनाउनुपर्ने सुरक्षा रणनीति, सबल पक्ष र चुनौतीका बारेमा छलफल गरी निर्क्योल निकाल्न गोष्ठी आयोजना गरिएको हो । उक्त अवसरमा ११ वटै जिल्लाका प्रजिअले जिल्लागत रुपमा प्रस्तुति राख्नुभएको थियो।

# उम्मेद्बार बरालको घरदैलो तथा मतदाता भेटघाट जारी

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ कार्तिक**



कास्की क्षेत्र नं १ का प्रतिनिधि सभा सदस्य उम्मेद्बार किशोरदत्त बरालले शनिवार घरदैलो तथा मतदाता भेटघाट कार्यक्रमलाई जारी राख्नु भएको छ।

उहाँले शनिवार पोखरा १२ मा घरदैलो तथा मतदाता भेटघाट गर्नुभएको छ। उहाँले आइतबार पोखरा २७ मा घरदैलो तथा मतदाता भेटघाट गर्नु हुनेछ । 'आफूप्रति मतदाता सकारात्मक भएको पाएँ, उहाँले भन्नुभयो - मतदाताको हौसला, समर्थन, विश्वास र भरोसाले उत्साहित बनाएको छ।'

निर्वाचनमा मतदातालाई विभिन्न योजनाहरु देखाउने र प्रभावित पार्न खोज्ने प्रवृत्तिको अन्त्य गर्दै उहाँले जनताको योजना र आवश्यकता नै आफ्नो प्राथमिकता भएको बताउँदै आउनु भएको छ। झुट बोल्दा मतदाताको अपमान हुने भन्दै उहाँले सक्ने कुरा मात्रै बोल्ने र जनताको सेवामा खटिरहने प्रतिवद्धता व्यक्त गर्नुभयो।

शिक्षा, कृषि र पर्यटनलाई विशेष जोड दिदै आउनु भएका बराल पाँच सुत्रीय अभियानसहित निर्वाचनमा होमिनु भएको छ।

मेरो इरादा, संसद र सांसदको मर्यादा, राजनीतिमा शुद्धता, मेरो प्रतिवद्धता, समृद्धिको निकास, गुणस्तरीय र योजनाबद्ध विकासलाई आफ्नो सुत्र भन्नुभएको छ। त्यस्तै, देशको समृद्धि, र शान्ति, बाटो हो कृषि पर्यटनमा क्रान्ति तथा टाउको( ज्ञान), हृदय(प्रेम र शान्ति) र हात (उद्यमशीलता र सीप) सहितको शिक्षा, विकास सुधार गर्ने मेरो महान सदीक्षालाई आफ्नो सुत्रका रुपमा अघि सार्दै आउनु भएको हो। उहाँले गठबन्धनको पक्षमा माहोल आइसकेको भन्दै निर्वाचनसम्म खटिदिन नेता, कार्यकर्ता, शुभेच्छुक र आफन्तलाई आग्रह गर्नुभएको छ।

# पोखरा विश्वविद्यालमा बिएएलएलबी

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ कार्तिक**

पोखरा विश्वविद्यालयले मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातक तहमा बिएएलएलबीको अध्यापन सुरु गरेको छ।

एक समूहमा ४० जना भर्ना लिने गरी गरिएको दस सेमेष्टर प्रणालीको उक्त कार्यक्रम पाँच वर्ष अवधिको हुने र शिक्षण शुल्क करिब रु चार लाख रहेको विश्वविद्यालयका सूचना अधिकारी लोकप्रसाद ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार राजनीतिशास्त्र, समाजशास्त्र, इतिहास तथा कलाजस्ता विषयको एकीकृत अध्ययन गर्ने गरी निर्माण भएको बिएएलएलबीमा आफ्नो क्षमता अभिवृद्धि गर्न चाहने विद्यार्थीका लागि आकर्षणको विषय बनेको छ । यसले विद्यार्थीलाई कानुन व्यवसायी बन्न, कानुनी अध्ययनका लागि विश्लेषणात्मक एवं तार्किक सीप क्षमता अभिवृद्धि गर्न तथा आपराधिक वा वित्तीय मामिलामा पनि जागरूक बनाउने विश्वास लिइएको छ। यसको अध्ययनसँगै विद्यार्थी कर्पोरेट कानुन, कानुन फर्म, मध्यस्थता र वार्तालाप, अनुसन्धान, एकेडिमिक, पत्रकारिता, मिडिया वा मनोरञ्जनका क्षेत्रमा आफ्नो व्यक्तित्व विकास गर्न सबल हुन्छन्।

यसमा अध्ययन गर्न चाहने विद्यार्थीले २०७९ मङ्सिर २१ गतेभित्र प्रवेश परीक्षाका लागि दरखास्त दिन सक्ने र प्रवेश परीक्षा मङ्सिर २३ गते हुने जनाइएको छ । यस कार्यक्रमको अध्ययन-अध्यापन विश्वविद्यालयको शैक्षिक प्राङ्गण, पोखरा-३०, ढुङ्गेपाटनमा सञ्चालन हुने सूचना अधिकारी ढकालले बताउनुभयो।

## शान्ति...

बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले त्यसको खिलापमा संसद् फिर्ता ल्याउने काममा लाग्यौं, सफल भयौं।" स्थानीय तहको निर्वाचनमा यहाँबाट विजयको सुरुआत भएको भन्दै प्रधानमन्त्री देउवाले प्रदेश र सङ्घकको निर्वाचनमा पनि विजयीको सुरुआत चितवनबाटै होस् भनेर आफू यहाँ आएको बताउनुभयो। विजयीको जस पनि चितवनका जनताले लिन पाउने उहाँले बताउनुभयो । प्रधानमन्त्री देउवाले नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को गृहजिल्ला र ऐतिहासिक महत्व बोकेको ठाउँ भएकाले चितवनको महत्व निकै ठूलो भएको उहाँले बताउनुभयो । जिल्लाका तीनै क्षेत्रमा गठबन्धनका उम्मेदवारलाई जिताउनुपर्ने भन्दै उहाँले गठबन्धनको उम्मेदवारका पक्षमा मतदान गर्न आग्रह गर्नुभयो। उहाँले आउँदा तीन निर्वाचनसम्म गठबन्धन अघि बढाउनुपर्ने भन्दै सबैलाई इमान्दारिताका साथ गठबन्धनको पक्षमा मतदान गर्न आग्रह गर्नुभयो। कार्यक्रममा कांग्रेस चितवनका पूर्वसभापति विकास कोइरालाको कारबाही फिर्ता गर्न माग गर्दै ज्ञापनपत्र पेश गरेपछि पार्टी सभापतिसमेत रहनुभएका देउवाले निर्वाचन जिताएपछि कारबाही फिर्ता गर्ने आश्वासन दिनुभयो । उहाँले भन्नुभयो, "चुनाव जिताएकै भोलिपल्ट कारबाही फिर्ता गर्छु ।" देउवाले कसैलाई पनि कारबाही गर्ने मन आफूलाई नभएको बताउनुभयो । तत्कालीन पार्टी सभापति सुशील कोइरालासँग बागी उम्मेदार बनेपछि कोइरालालाई पार्टीले कारबाही गरेको थियो।


**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरू :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।

– एल्फेड डे

## सम्पादकीय

# जरिवाना तिराउने काम

सभ्य समाज र लोकतान्त्रिक मुलुकमा स्वच्छ, निष्पक्ष र धाँधलीरहित निर्वाचनबाट मात्रै जनताले आफूले चाहेको प्रतिनिधि चुन्न सक्छन् । हाम्रो समाजमा स्वच्छता र लोकतान्त्रिक आचरणमा चल्न खोज्नेलाई एक्लो बनाउन खोजिन्छ । सुधारको कुरा गर्न पनि नचाहने भएकोले कानुनी बन्धनका व्यवस्था गर्नुपरेको छाकानुनी बन्धनका अलावा नैतिकताको खाँचो महसुस भएको छा निर्वाचनलाई स्वच्छ बनाउनकै लागि निर्वाचन आयोगले आचारसंहिता पनि जारी गरेको छाआचारसंहिताकै सन्दर्भमा जोडिएर आउने विषय चुनाव खर्च पनि हो । दलहरूकै सहमतिमा आयोगले तोकेको खर्च सीमाभन्दा निकै धेरै उम्मेदवार र पार्टीहरूले चुनाव खर्च गर्ने गरेका छन् । खर्च धेरै गर्दा नै चुनाव भड्किलो हुने गरेको छा आचारसंहिता उल्लंघन त्यसै मात्रामा बढ्ने गरेको छाआचारसंहिताविपरीत नै उम्मेदवारहरूको प्रचारमा गाडीहरू बग्रेल्ती प्रयोग भएका छन् ।

तीनमा तोकिएको आकारभन्दा ठूलाठूला ब्यानर र चर्को आवाजको माइक प्रयोग पनि आचार संहिताविपरीत नै भइरहेको छासामाजिक संजालमा गरिएको खर्च,घरदैलो र सभा हेर्दा सबै कुरा देखाउनका लागि भएको छ । निर्वाचनमा स्वच्छता कायम गर्नु निर्वाचन आयोगको मात्र काम होइन । त्यसकाो लागि सरोकारवालाहरूको पनि उत्तिकै जिम्मेवारी हो । सरकार, नागरिक समाज,को पनि जिम्मेवारी हो । दलहरूको प्रमुख दायित्व हो । त्यसका लागि दलहरू नै उदाहरणीय बन्नुपर्छा दलका शीर्ष नेताहरू नमुना बन्नु बन्नुपर्छ । सरकारले पनि आयोगलाई आचारसंहिता कार्यान्वयनमा सघाउनुपर्छ । तर सरकारका प्रधानमन्त्री, मन्त्रीहरू पनि आचारसंहिता मिच्ने होडबाजीमा लागेका छन् । हेलिकोप्टर प्रयोग त्यसको एउटा उदाहरण हो । आयोगमा यसबीचमा आचारसंहिता उल्लंघनका उजुरी परेका पनि छन् ।

आयोगले थुप्रैजनालाई स्पष्टीकरण पनि सोधेको छ । केहीलाई जरिवाना पनि गरेको छ । जरिवाना तिर्नुपरेकोमा जनतामाझ माफी माग्नुपर्छाजनता जनार्दन भन्ने जनतासामु माफी नमाग्नु जनमतको अपमान हो । शीर्ष नेताहरूले दिने अभिव्यक्ति निर्वाचनको वातावरण धमिल्याउनेमात्रै नभई अस्वस्थ प्रतिस्पर्धाको सीमा नाघेर आइरहेका छन् । शान्ति र अमनचयनका लागि बाधा पुग्ने त्यस्ता अभिव्यक्ति दिनु उनीहरूको गैरजिम्मेवारी हो । बाटो देखाउनुपर्नेहरूबाट बाटो बिराइनु दुःखद् छा निर्वाचन आचारसंहिता पालना गर्नुपर्ने जिम्मेवारी नेताहरूदेखि मतदातासम्मको भएको हुँदा सबैभन्दा धेरै अपेक्षा नेताहरूसँगै छ । यसमा उनीहरू उदाहरणीय बन्न सक्नुपर्छ । आचारसंहिता उल्लङ्घन गर्ने रवी लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीबाट काठमाडौं प्रतिनिधि सभा क्षेत्र नम्बर १ का उम्मेदवार पुकार बमसहित ५ जनलाई ५ हजारदेखि २५ हजारसम्मका दरले जरिवाना गराउने निर्णय गरेको छ । यस्तै आचारसंहिता उल्लङ्घनका सम्बन्धमा अनुसन्धान गर्न सम्बन्धित जिल्ला प्रहरी कार्यालयलाई लेखी पठाइएको छ भने आचारसंहिता विपरीत भएका कार्य रद्द गर्न विभिन्न प्रदेश सरकार र स्थानीय तहलाई आवश्यक निर्देशन दिइएको छ ।

बाराको पचरौता नगरपालिकाका प्रमुख जलन्धर सिंह जैसवारलाई २५ हजार जरिवाना तिराउने निर्णय गरेको छ । वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएका बाहेकका अन्य कार्यक्रम गरेको भन्दै आयोगले उनलाई जरिवाना लगाउने निर्णय गरेको हो । आयोगले उक्त नगरपालिकाको तलब भत्ता तथा प्रशासनिक खर्चबाहेक अन्य रकम निकासा नगर्न कोष तथा लेखा नियन्त्रण कार्यालय कलैयालाई लेखी पठाउने निर्णय गरेको छाकेही कर्मचारीलाई पनि जरिवाना गरेको छ । आयोगको सक्रियताले आचारसंहिता पालना गर्न र निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र भयरहित बनाउन सघाउने छ ।

# मतदान केन्द्रमा खटिने कर्मचारीलाई तालिम

**पोखरापत्र संवाददाता**
**म्याग्दी २६ कार्तिक**

प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनका लागि म्याग्दीमा मतदान केन्द्रमा खटिने मतदान अधिकृत र सहायक अधिकृतलाई तालिम दिन थालिएको छ ।

सदरमुकामको बेनी सामुदायिक माविमा शनिबारदेखि शुरु भएको निर्वाचनसम्बन्धी अभिमुखीकरण दुई दिनसम्म चल्ने छ । तालिममा सहभागी भएका अधिकृतहरूलाई नमूना मतदान केन्द्र निर्माण गरी नमूना मतदान समेत गराइएको छ ।

मुख्य निर्वाचन अधिकृत कृष्णप्रसाद नेपाल, प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी राना र जिल्ला निर्वाचन अधिकारी भीमप्रसाद घिमिरेले निर्वाचनसम्बन्धी विषयमा अभिमुखीकरण गर्नुहुनेछ । मतदान अधिकृतलाई व्यवहारिक र सैद्धान्तिक विषयमा जानकारी गराइने जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

निर्वाचनसम्बन्धी ऐनकानून, निर्वाचन पूर्वको अवस्था, मतदान केन्द्रमा आइपर्ने समस्या, निर्वाचन व्यवस्थापन, सुरक्षा व्यवस्थापन र मतपेटिका ढुवानी, निर्वाचन कार्यक्रम, जनशक्ति, आर्थिक व्यवस्थापन, मतदान अधिकृत, सहायक मतदान अधिकृतको जिम्मेवारी र भूमिका, मतदानको सामग्री बुझेपश्चात् मतपेटिका बुझाउनेसम्मको प्रक्रियालगायत विषयमा अभिमुखीकरण दिइने जिल्ला निर्वाचन अधिकारी घिमिरेले जानकारी दिनुभयो ।

उहाँका अनुसार शनिबार एक सय २० जनालाई तालिम दिइएको छ । आइतबार एक सय २० जनालाई अभिमुखीकरण गरिने निर्वाचन कार्यालयले जनाएको छ । जिल्लामा ८२ मतदान स्थल, एक अस्थायी सहित एक सय २० मतदान केन्द्र कायम गरिएको छ । निर्वाचन गराउन नौ सय ५६ कर्मचारी परिचालन गरिएको छ । प्रतिनिधिसभातर्फ एक र प्रदेशसभातर्फ दुई निर्वाचन क्षेत्र रहेको म्याग्दीमा १९ उम्मेदवार प्रतिस्पर्धामा छन् ।

# दोसल्ले गाउँमा बोटबाटै सुन्तला बिक्री

**पोखरापत्र संवाददाता**
**म्याग्दी २६ कार्तिक**

उत्तरी म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ दोसल्ले गाउँमा यस वर्ष राम्रो उत्पादन भएपछि बोटबाटै सुन्तला बिक्री भएको छ । पाक्दै गरेको सुन्तला बोटबाट पोखरा र काठमाण्डौंबाट आएका व्यापारीले खरिद गरेको स्थानीय कृषक मायादेवी पुनले बताउनुभयो ।

व्यावसायिक सुन्तला खेती गर्दै आएका यहाँका किसानले उत्पादन गरेका सुन्तला पोखरा, चितवन र काठमाडौंबाट आएका व्यापारीले बगैंचाबाटै प्रतिकिलो रु ९५ मा किनेका हुन् । दोसल्ले व्यावसायिक सुन्तला जात किसान समूहका अध्यक्ष प्रेमबहादुर पाइजाले गतवर्ष ६२ हजार ५०० किलो सुन्तला निकासी हुँदा ७५ लाख गाउँमा भित्रिएको बताउनुभयो । यस वर्ष करिब दुई सय नयाँ सुन्तलाका बोटमा पनि फल लागेको र उत्पादन पनि राम्रो भएकाले करिव रु दुई करोडको हाराहारीमा सुन्तला निकासी हुने जानकारी दिनुभयो ।

पाइजाले भन्नुभयो, “यस वर्ष नयाँ विरुवा थपिएका, रोगकीराको समस्या कम र अनुकूल मौसमले उत्पादन बढेकोले गतवर्षको भन्दा बढी आम्दानी हुने आशा गरेका छौं ।” एक किसानले रु.५० हजारदेखि रु दुई लाख ३० हजारसम्मको सुन्तला बिक्री गरेका समूहले जनाएको छ । व्यापारीसँग समन्वय गरेर सुन्तलाबजार पठाउन समूहले समन्वय गरेको थियो । कूल ५७ घरधुरीको यहाँ १५ हजार मध्ये करिब आठ हजार बोटबाट उत्पादन हुन थालेको छ ।

परम्परागत कोदो, मकै र गहुँ खेतीको विकल्पमा सुन्तला खेती गरेको किसान मिलन गर्बुजाले बताउनुभयो । वर्षमा तीन मुरी कोदो फल्ने बारीमा लगाएको सुन्तलाबाट दुई लाख भन्दा बढी आम्दानी भएको उहाँले बताउनुभयो । सडक यातायातको सुविधा भएपछि बाँझो पाखो बारीमा झाडी फाँडेर सुन्तलाका बिरुवा रोप्ने अभियान चलाइको छ । दश वर्षअघि मिलन गर्बुजाको अगुवाइमा दोसल्लेलाई सुन्तला गाउँ बनाउने अभियान सुरु भएको थियो । भीरालो पाखोमा अवस्थित दोसल्लेको भूगोल सुन्तला खेतीका लागि अनुकूल रहेको कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख किरण सिग्देलले बताउनुभयो । दोसल्लेमा सुन्तला खेती विस्तारका लागि नयाँ बिरुवा वितरण, किसानलाई बगैंचा र कीरा व्यवस्थापनसम्बन्धी स्थलगत तालिममा सहयोग गरिएको उहाँले जानकारी दिनुभयो ।

बेमौसममा सुन्तला बिक्री गर्न दोसल्लेमा तत्कालीन कृषि विकास कार्यालयको सहयोगमा सुन्तला भण्डार गृहको भवन बनाइएको थियो । वैदेशिक रोजगार र खेती किसानीबाट धानिएको यहाँका बासिन्दाको जीवनस्तर पछिल्लो समय व्यावसायिक सुन्तला खेतीबाट सुध्रदै गएको अन्नपूर्ण गाउँपालिकाका पूर्व उपाध्यक्ष केशमाया मगरले बताउनुभयो ।

# मादीमा बगेर वृद्धको मृत्यु

**पोखरापत्र संवाददाता**
**दमौली २६ कार्तिक**

तनहुँको व्यास नगरपालिका-३ शान्तिनगर स्थित मादी नदीमा नुहाउने क्रममा बगेर शनिबार एक वृद्धको मृत्यु भएको छ ।

मृत्यु हुनेमा सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिका-१० का ६० वर्षीय झिलकबहादुर पौडेल रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक युवराज खड्काले जानकारी दिनुभयो ।

दिउँसो साढे १२ बजे पौडेल मादीमा नुहाउने क्रममा बगेका थिए । स्थानीयवासीले उनको उद्धार गरी उपचारका लागि दमौली अस्पताल लगेको प्रहरीले जनाएको छ । उनको उपचारका क्रममा मृत्यु भएको बताइएको छ ।

# घट्टेखोला-धम्पुस सडक कालोपत्र गर्ने एमाले उम्मेदवारद्धय दामोदर र गणेशमानको प्रतिवद्धता

**पोखरापत्र संवाददाता**
**पोखरा २६ कार्तिक**



नेकपा एमालेका कास्की क्षेत्र नम्वर ३ का प्रतिनिधिसभा उम्मेदवार दामोदर पौडेल बैरागी र ३ (क) का उम्मेदवार गणेशमान गुरुङले चुनाव जितेपछि घट्टेखोलाबाट धम्पुससम्म पुग्ने सडक कालोपत्र गर्ने प्रतिबद्धता जनाएका छन् ।

चुनावी घरदैलोका लागि शनिबार माछापुच्छे गाउँपालिका-७ धम्पुस पुगेका उम्मेदवारद्धयसँग मतदाताले पोखरा-बागलुङ राजमार्गको घट्टेखोलादेखि गाउँसम्मको बाटो कालोपत्र गर्न आवश्यक रहेको बताएका थिए । त्यसमा उम्मेदवारद्धय वैरागी र गुरुङले आफुहरुले जितेर गएपछि उक्त काम पुरा गर्ने प्रतिवद्धता जनाएका हुन् । ‘यहाँबाट पढ्न, जागिर गर्न पोखरा जानेहरू हुनुहुन्छ । उहाँहरुलाई त दुरी जति कम भयो त्यति सहज हुन्छ मैले बुझेको छु ।’ प्रतिनिधि सभा उम्मेदवार वैरागीले भने-‘पर्यटक आउजाउ गर्न, गाउँकै मान्छे बजार आउजाउ गर्न, यहाँको उत्पादन पुर्याउन पनि सहज हुन्छ थाहा छ । जिताएर पठाएपछि बाटो पिच गर्ने काम हुन्छ, ढुक्क हुनुस् ।’ पछिल्लो समय नेपालीको घुम्ने बानी विकास भएको भन्दै उनले अब धम्पुसमा अझै पर्यटक भित्र्याउने योजना ल्याउन लाग्नुपर्ने बताए । ‘यहाँ पाहुना कसरी ल्याउने, बढाउने भन्ने सुरुमा स्थानीयले सोच्नुपर्छ । त्यहीअनुसार लागेपछि सरकारले पनि हेर्छ ।’ वैरागीले भने-‘मैले जितेँ भने यहाँको घट्टेखोलादेखि धम्पुस आउनेसम्मको बाटो कालोपत्रे गरेर छोड्छु ।’ प्रदेशसभा उम्मेदवार गणेशमान गुरुङले आफु धम्पुसको स्थानीयको हैसियतले पनि धम्पुसमा पर्यटन प्रवर्द्धन र समग्र धम्पुसको विकासको लागि कुनै कसुर बाँकी नराख्ने वचन दिए ।

उम्मेदवारद्धय बैरागी र गुरुङले शनिबार नै माछापुच्छे-६ धितालका मतदातासँग पनि भेटघाट गरेका छन् । त्यहाँ आफूले होमस्टे पर्यटन प्रवर्द्धन गर्न आवश्यक देखेको उनीहरुले बताए । प्रदेशको पर्यटन मन्त्रालयसँग होमस्टे प्रवर्द्धनका कार्यक्रम भएकाले समन्वय गरेर होमस्टे विकासमा अझै काम गर्न सकिने उनीहरुले स्थानीयसँग बताए । जितेपछि आफूले गाउँका सडक पूर्वाधारसहित अन्य समस्या समाधान गर्न संघमा रहेर भूमिका खेल्ने प्रतिनिधि सभा उम्मेदवार बैरागीले बताए ।

कास्की ३ मा प्रतिनिधिसभामा दामोदरसहित प्रदेश सभा ३(१)मा गणेशमान गुरुङ र प्रदेश सभा ३ (२)मा राजीव पहारी उम्मेदवार छन् । कास्की ३ मा अन्नपूर्ण, माछापुच्छे गाउँपालिकासहित पोखरा महानगरपालिकाको १, २, ३, ५, ६, १८, १९, २२, २३, २४ र २५ नम्बर वडा पर्छन् ।

प्रदेश सभा (१) तर्फ माछापुच्छे गाउँपालिका र पोखरा महानगरको १, २, ३, १८, १९ र २५ र प्रदेश सभा (२)मा अन्नपूर्ण गाउँपालिकासहित ५, ६, २२, २३ र २५ नम्बर वडा पर्छन् ।


# मधुवन नेपालको कास्की र स्याङ्जामा सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा २६ कार्तिक**

मधुवन नेपाल नामक गैरसरकारी संस्थाले कास्की र स्याङ्जाका विभिन्न स्थानमा औषधी तथा ह्विलचेयर वितरण गरेको छ ।

संस्थाले हालै पोखराको मानव सेवा आश्रम, कास्कीस्थित कारागार रहेका महिला तथा बालबालिकाहरुका लागि स्वास्थ्य शिविर र स्याङ्जाका ६ जनालाई ह्विलचेयर वितरण गरेको हो । संस्थाले पोखरा छोरेपाटनस्थित मानव आश्रममा आश्रित दिर्गरोगी विरामीहरुका लागि आवश्यक उच्च रक्तचाप, सुगर, मानसिक तथा सामान्य रुघा, खोकी, ज्वरो, भिटामिन तथा मलह पट्टी लगायतका एक वर्षलाई पुग्ने औषधी वितरण गरिएको छ । त्यस्तै कास्कीस्थित कारागारमा रहेका महिला तथा बालबालिकाहरुका लागि स्वास्थ्य जाँच शिविर, न्यानो कपडा, शैक्षिक, खेलकुद , तथा सरसफाईका सामाग्रीहरु वितरण गरेको संस्थाले जनाएको छ । संस्थाले सीबीआरएससंगको सहकार्य र कालीगण्डकी गाउँपालिका, स्याङ्जाको समन्वयमा शारिरीकरुपमा अशक्त ६ जनालाई ह्विलचेयर वितरण गरेको छ । कास्कीमा सन् २०१९ मा स्थापना भएको संस्थाले झण्डै ४ लाख रुपैयाँको सहयोग गरिसकेको संस्थाका संस्थापक राघवी न्यौपानेले जानकारी दिइन् । अमेरिकामा रहेर पब्लिक हेल्थमा स्नातकोत्तर गरिरहेकी उनले पढाईपछिको समयमा कामबाट जम्मा गरेको पैसाबाट सामाजिक क्षेत्रमा सहयोग गरिरहेको बताईन् । संस्थामा गण्डकी मेडिकल कलेज पोखराका इर्न्टन डाक्टरहरु प्रज्ञा अर्याल, प्रशंसा थापा, निसान केसी, सरोजकुमार यादव, निश्चल जंग शाह, निशा तामाङ, नमस्या बस्याल लगायत संस्थामा स्वयमसेवकका रुपमा आवद्ध छन् ।

संस्थाले अब कास्कीका सामुदायिक विद्यालयहरुमा प्रजनन् स्वास्थ्य शिक्षा उपलब्ध गराउने र एचआईभी एड्सबाट संक्रमितहरुको क्षेत्रमा काम गर्ने तयारी गरिरहेको संस्थाका संस्थापक न्यौपानेले जानकारी दिइन् ।



# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : मन चञ्चल |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# मौलिकता संरक्षणमा एमाले उम्मेदवार मन गुरुङको जोड

पोखरापत्र संवाददाता
पोखरा, २६ कार्तिक

नेकपा एमाले कास्की निर्वाचन क्षेत्र नम्वर १ का प्रतिनिधि सभा सदस्यका उम्मेदवार मनबहादुर गुरूङले सो क्षेत्रमा रहेका प्राचिन मौलिकता बोकेका ठाउँ तथा सम्पदाहरुको संरक्षण गर्नेमा आफुले जोड दिने बताएका छन् ।

मंसिर ४ गते हुने निवार्चन केन्द्रीत प्रचार अभियान अर्न्तगत शनिवार पोखरा २७ र २८ अन्तर्गत लेखनाथ अर्चले, कालिका लगायतको क्षेत्रमा मतदाता भेटघाट कार्यक्रममा



गुरूङले आफ्नो निर्वाचन क्षेत्रमा पर्यटकीय दृष्टिले निकै महत्वपूर्ण ठाउँहरु भएकोले त्यसको संरक्षण गर्ने प्रतिवद्धता जनाएका हुन् । पर्यटकीय ठाउँ लेखनाथ जन्मेको ठाउँलाई विश्व समुदायसम्म पुर्‍याउने बताउँदै उनले यसलाई विकास गर्न मतदाताले सुर्य चिन्हमा भोट दिन अपिल गरे । स्थानियको सहकार्यमा आफ्नो क्षेत्रको पर्यटन प्रवर्द्धन गर्न आफु कटिवद्ध भएको उम्मेदवार गुरूङले बताए ।

# पोखरा २२ (पुम्दी भुम्दी) लाई धार्मिक पर्यटनको हव बनाउने उम्मेदवार जीवन र प्रकाशको प्रतिवद्धत्ता

पोखरापत्र संवाददाता
पोखरा २६ कार्तिक

पोखरा २२ को (पुम्दी भुम्दी) लाई धार्मिक पर्यटनको हव बनाउने उम्मेदवार रामजी प्रसाद बराल जीवन र प्रकाश बरालले प्रतिवद्धत्ता व्यक्त गरेका छन् ।

विश्व शान्ति स्तुपाःमा शनिबार आयोजना भएको २३ औं बार्षिक पूजा तथा सम्मान कार्यक्रममा बोल्दै कास्की निर्वाचन क्षेत्र ३ का प्रतिनिधि सभा सदस्यका उमेदवार जीवन र प्रदेश सभा सदस्यका उमेदवार प्रकाशले पोखरा २२ को पुम्दी भुम्दीलाई धार्मिक पर्यटनको केन्द्र बनाउन आवश्यक सहयोग गर्ने बताएका



हुन् । बुद्धधर्म सम्बन्धि विश्व शान्ति स्तुपाः र हिन्दु धर्मको बिशाल महादेव मुर्तिले पछिल्लो समयमा बढी चर्चा भएको उल्लेख गर्दै उम्मेदवार जीवन र प्रकाशले धार्मिक पर्यटनको केन्द्र बनाउन आवश्यक भौतिक पूर्वाधार निर्माण गर्न आफुहरु सहयोग गर्ने बताएका हुन् । गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री समेत रहेका उम्मेदवार जीवनले पोखराको शान्ति स्तुपाः मर्मत संहार, बिशाल महादेवको मुर्ति, पोखरा ११ मा निर्माण हुदै गरेको धर्मकाय बुद्ध मण्डला निर्माणमा प्रदेश सरकारको केही बजेट विनियोजन भएको उल्लेख गर्दै थप विकास गर्न आफुहरु कटिवद्ध भएको बताए। उम्मेदवार प्रकाशले पुम्दी भुम्दीको क्षेत्रबाट दुई जना उम्मेदवारको रुपमा पाउनु ठुलो कुरा भएकोले यसमा जित सुनिश्चित पारे थप विकास हुने दाबी गरे । आफुहरु शुसासन कायम गर्न र भ्रष्टचार बिरुद्ध लाग्ने प्रकाशले जनाए । विश्व शान्ति स्तुप समितिका अध्यक्ष उत्तममान बुद्धाचार्यको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा पोखरा २२ का वडा अध्यक्ष हिमलाल बराल, धर्मकाय बुद्धमण्डला काहुँ डाँडाका अध्यक्ष रुद्रकुमारी गुरुङ लगायतले वोलेका थिए ।

# दरिलो सरकार, काममा रफ्तार: मीना

पोखरापत्र संवाददाता
पोखरा, २६ कार्तिक

देशमा धेरै पटक चुनाव भए । चुनावले कहिले बहुमत र अहिले गठबन्धन, अल्पमतका सरकार बने, गिरे ।

संसदीय राजनीतिको यो कुरुप पक्षले जनतालाई दिक्क पारेको छ । अहिले सत्ता गठबन्धनका दल एकातिर र एमाले एक्लै अर्कातिर भएर चुनावमा गएका छन् । यो अवस्थामा जनताले स्थिर, दरिलो सरकार र तीव्र विकासका लागि एमालेलाई नै छान्ने मीना गुरुङ बताउँछिन् ।

कास्की २ (२) मा एमालेबाट उम्मेदवार बनेकी उनले मंसिर ४ को चुनावपछि एमालेले प्रदेशहरु र संघमा एकल सरकार बनाउने दाबी गरिन् । उनले भनिन्, 'हाम्रा एजेन्डा, जनताको आर्कषण र अहिलेको माहोलले हाम्रो जित भइसकेको छ । जनताले ५ तिर फर्किएको स्वार्थको गठबन्धन होइन, एमालेको बलियो नेतृत्व चाहेका छन् ।'



गण्डकी प्रदेशसभाकी निवर्तमान सांसदसमेत रहेकी उनले अघिल्लो कार्यकालमा सुरु गरी अधुरा रहेका योजना पूरा गर्न पनि आफू दोहोरिन चाहेको उल्लेख गरिन् ।

शनिबार पोखरा ९ मा घरदैलोका क्रममा उनले मतदातले दिएको सुझावलाई आत्मसाथ गर्दै यस क्षेत्रको विकास, निर्माणमा समर्पित हुने प्रण गरिन् । मुलुकको समग्र विकासका लागि स्पष्ट नीति, विचार र सिद्धन्त आवश्यक पर्नेमा जोड दिंदै उनले यसको खाँका र इच्छाशक्ति एमालेसँग मात्र भएको दाबी गरिन् ।

यो क्षेत्रमा पोखरा महानगरका वडा नं. ४, ८, ९, ११, १६ र २० पर्छन् । पार्टीको उद्देश्य, घोषणापत्र, भावी योजना र कार्यान्वयनमा एमालेभित्र कतै समस्या नभएको उनले जनाइन् । 'हाम्रो एकताको सामना गर्न अरु सबैजसो दल गठबन्धन बनाएर आउनुपरेको छ । मसँगसँगै टिकटको आकांक्षा राख्नुभएका साथीहरु, मेरो क्षेत्रका नेता, कार्यकर्तालाई चुनावी अभियानमा हुनुहुन्छ । हाम्रो एकता र जनताको सदिच्छा नै हाम्रो जितको मुख्य आधार हो ।'

# कास्की आदर्श समाज स्पेनद्वारा अक्षयकोष स्थापना तथा शैक्षिक सामग्री वितरण

पोखरापत्र संवाददाता
पोखरा २६ कार्तिक

कास्की जिल्ला, माछापुच्छे गाउपालिका वडा नं ६ स्थीत श्री बराह माध्यमिक विद्यालयमा कास्की आदर्श समाज स्पेनद्वारा अक्षयकोष स्थापना एवं विद्यालयमा अध्ययनरत विधार्थीहरुलाई स्टेशनरी सामग्री वितरण कार्यक्रम सम्पन्न भएको छ ।

सन् २०१५ सालमा स्पेनमा रहेका कस्केलीहरुद्वारा स्थापना भएको यस संस्थाले स्पेन तथा नेपालमा वसोवास गर्ने नेपालीहरुलाई आर्थिक तथा जीन्सीद्वारा सुख-दुखमा साथ सहयोग गर्दै आइरहेको छ । यस संस्थाले बाढी पहिरो, भूकम्प लगायत विपत् परेका व्यक्ती अनाथ, वृद्ध गरिव तथा जेहेनदार, शारीरीक रुपमा फरक क्षमता भएका व्यक्तिहरुका लागी सहयोगहरु गर्दै आइरहेको सो संस्थाका महासचिव



मोहनराज गौतमले जानकारी दिनुभयो ।

श्री वराह माध्यमिक विद्यालयका प्र अ मिनराज अधिकारीको सभापतीत्व तथा वि.व्य.स अध्यक्ष तथा माछापुच्छे-६ धितालका वडाध्यक्ष टेकनाथ गौतमको प्रमुख आतिथ्यतामा सम्पन्न भएको उक्त कार्यक्रममा कास्की आदर्श समाज स्पेनका महासचिव- मोहनराज गौतम, सल्लाहकार एकराज, भण्डारी र पूर्व सचिव गणेशराज अधिकारी तथा वि व्य स सदस्य दुर्गाप्रसाद अधिकारी, शिक्षक अभिभावक संघ सदस्यहरू नविन अधिकारी देविप्रसाद अधिकारी र हेम वहादुर राना, विद्यालयक शिक्षक स्टाफहरु तथा विद्यार्थीहरु अभिभावकहरु उपस्थित हुनुहुन्थ्यो ।

कास्की आदर्श समाज स्पेनद्वारा गरीब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति दिने उदेश्यका साथ विद्यालयमा एक लाखको अक्षयकोष स्थापना गरेको छ साथै कास्की आदर्श समाजकास्कीका महासचिव मोहनराज गौतम, सल्लाहकार एकराजभण्डारी र पूर्व सचिव गणेशराज अधिकारीले संयुक्त रुपमा कक्षा नर्सरीदेखि कक्षा १२ सम्मका विद्याथीहरुलाई पच्चीस हजार रुपैया बराबरको स्टेशनरी सामग्रीहरु समेत वितरण गर्नुभएको थियो । उक्त कार्यक्रममा वोल्दै प्रमुख अतिथि एवं वडाध्यक्ष टेकनाथ गौतमले स्पेनमा रहनुहुने कास्की आदर्श समाज स्पेनका सम्पूर्ण सदस्यलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै कान्छी आदर्श समाज स्पेनको सहयोगलाई विद्यालयका गरीब तथा जेहेन्दार विद्यार्थीको हितमा प्रयोग गर्ने प्रतिवद्धता समेत ब्यक्त गर्नुभयो । उक्त कार्यक्रमको संचालन विद्यालयका शिक्षक तथा बि व्य स सदस्य कृष्णप्रसाद चापागाइले गर्नुभएको थियो ।

# पहारीलाई जिताउन लेकसाइडका युवाहरु संगठित

पोखरापत्र संवाददाता
पोखरा २६ कार्तिक

पर्यटकीय क्षेत्र लेकसाइडका युवाहरु आगामी निर्वाचनमा कास्की क्षेत्र नम्वर ३(२) मा राजीव पहारीलाई जिताउन संगठित भएका छन् ।

लेकसाइडलाई अर्न्तराष्ट्रिय पर्यटकिय केन्द्र बनाउन पहारीको जित आवश्यक भएको लेकसाइडका युवाहरुको ठम्याई छ। 'लेकसाइडको सडकमा खाडलै खाडल थिए, सडकमा पानी जम्दा कायाक समेत गरेर व्याङ्ग्य प्रदर्शन गरे, तर अहिले यहाँ पहारीले सांसद बनेपछि चिल्लो अस्फाल्ट पिच गरे'- हल्लनचोकका शोभित परियारले भने । पहारीको कार्यकालमा फेवातालको सौन्दर्यकरणका लागि फुटट्र्याकदेखि लेकसाइडका भित्री बाटोघाटो समेत ढलान पिच भएका छन् । राजीव पहारी लेकसाइडकै स्थानिय भएकाले पनि युवाहरुका सबै खाले समस्या पहारीले नै हल गर्ने बंग्लादीका अर्का युवा सुन्दर पहारीले बताए। 'उहाँ फेवातालको पानी खाएर हुर्किएको मान्छे हो, यहाँको माटोले खोजेको विकास उहाँलाई नै थाहा छ, त्यसैले आगामी निर्वाचनमा फेरी पनि उहाँलाई नै जिताउन हामी लागि पर्नेछौं'-सुन्दरको भनाई छ ।

'कोभिडबाट आक्रान्त पर्यटन व्यवसायलाई उकास्न पनि फेरी पहारीकै जितको खाँचो छ, उहाँले हाम्रो समस्या राम्ररी बुझ्नुभएको छ' अर्का युवा सन्दीप बरालले भने । यहिबेला लेकसाइडका विभिन्न समुहहरु पहारीको पक्षमा मत माग्न घरदैलोमा छन् ।

# शिक्षकको मर्यादाक्रम चाँडै टुङ्गिन्छ : शिक्षामन्त्री पौडेल

पोखरापत्र संवाददाता
बागलुङ २६ कार्तिक

नेपाल सरकारका शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले शिक्षकको मर्यादाक्रम चाँडै टुङ्गोमा पुग्ने बताउनुभएको छ । उहाँले सङ्घीय शिक्षा ऐन विधायन समितिमा पुगेकाले मर्यादाक्रमको टुङ्गो चाँडै टुङ्गो लाग्ने बताउनुभयो ।

शनिबार गलकोट र बुर्तिबाङमा वाम-लोकतान्त्रिक गठबन्धनका उम्मेदवारसँग शैक्षिक तथा पेशागत अन्तर्क्रियामा उहाँले सङ्घीय शिक्षा ऐन विद्यायन समितिमा पुगेको भन्दै त्यो सरकारको सम्पत्तिका रूपमा रहेको बताउनुभयो । उहाँले शिक्षकको मर्यादाक्रमको फाइल अघि बढाएको बताउँदै गृह मन्त्रालयसँग समन्वयगरी चाँडै टुङ्ग्याइने जानकारी दिनुभयो । उहाँ शिक्षकको तलब सुविधा, मर्यादाक्रमका विषयमा आफूले पहल गरिरहेको बताउँदै शिक्षकलाई ढुक्क हुन आग्रह गर्नुभयो । मन्त्री पौडेलले आफूले शिक्षामा त्रिपक्षीय सुधार गरेको बताउनुभयो । उहाँले शिक्षामा भौतिक, कानुनी र गुणस्तर सुधार गर्न आफू लागिपरेको बताउनुभयो ।

सरकारले १० वर्षे विद्यालय सुधार योजना कार्यक्रमलाई अघि बढाएको बताउँदै शिक्षकको वृत्तिविकासमा शिक्षा मन्त्रालय संवेदनशील रहेको उहाँको भनाइ छ । मन्त्री पौडेलले १८ वर्षदेखि रोकिएको शिक्षकको आन्तरिक बढुवाका लागि विज्ञापन खुलाएर अन्तिम चरणमा पुर्‍याएको बताउनुभयो । मन्त्री पौडेलले विद्यालय समायोजनको प्रक्रिया अगाडि बढाइएको उल्लेख गर्दै अतिन्यून विद्यार्थी भएका विद्यालयको पहिचान गरी अन्य विद्यालयसँग गाभिने उहाँको भनाइ छ ।

# अनुचित चन्दा संकलन गरी खर्च नगर्ने उम्मेदवार श्यामको घोषणा

पोखरापत्र संवाददाता
पोखरा २६ कार्तिक

नेकपा एमालेका उम्मेदवार वेद वहादुर गुरुङ श्यामले चुनाव जित्नको लागि अनुचित चन्दा संकलन गरी खर्च नगर्ने घोषणा गरेका छन् ।

नेकपा (एमाले) को तर्फबाट कास्की १ 'ख' का प्रदेश सभा सदस्य पदका उम्मेदवार गुरुङले सामाजिक सञ्जाल फेसवुकमा पोष्ट सेयर गर्दै उक्त कुरा व्यक्त गरेका हुन् । गुरुङले लेखेका छन् 'चुनाव जित्नकै लागि म अनुचित चन्दा लिदिनँ र खर्च पनि गर्दिनँ ।' उनले वर्तमान अवस्थामा अरु नेताहरुले चुनाव जित्न अनेक तिकडम गर्ने बताउँदै आफुले त्यस्तो नगर्ने उल्लेख गरे । पोष्टबारे स्पष्ट पार्दै उनले उनले भने,-'म आफ्नो योजना सुनाएर जनताको



मत जित्न चाहान्छु ।' उनले अवैध रुपमा चन्दा उठाएर अनि खर्च गर्नु निर्वाचन आचार संहिता विरुद्ध मात्र नभई दीर्घकालिन रुप असर पर्ने बताए । चुनाव केन्द्रित प्रचार प्रसार तथा घरदैलो कार्यक्रममा व्यस्त उनले आफ्नो क्षेत्रका स्थानियसँग आफूलाई सुर्य चिन्हमा मत दिएर विजयी बनाउन आग्रह गर्दै आफु निर्वाचित भए गुणस्तर शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, कृषि उत्पादन तथा बजारीकरण, पर्यटन, निशुल्क खानेपानी, व्यवस्थित सार्वजनिक यातायात, फोहोर व्यवस्थापन गर्ने प्रतिवद्धता जनाएका छन् । साथै गठबन्धन सरकारले कटौती गरेका परियोजनाहरुलाई पुनः बजेट विनियोजन गरी कार्य सम्पन्न गर्ने बताएका छन् ।


## हार्दिक समवेदना



जन्मः २००६/०६/१३ गते

स्वर्गारोहण : २०७९/०७/१५ गते

**स्व. भिम कुमारी श्रेष्ठ**

यस बाल गोपाल यूवा समितिका सदस्य अरुण कुमार श्रेष्ठको ममतामयी माता **भिम कुमारी श्रेष्ठ**को ७३ वर्षको उमेरमा असामयीक निधनका कारण हामी अत्यन्त मर्माहित र स्तब्ध भएका छौं। उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै आज १३ औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**धिरज प्रसाद ढेवाजू**
**अध्यक्ष एवम्**
**बाल गोपाल यूवा समिति परिवार**
**पोखरा-१३, गौडाकोमुख**

# मतदानको दिन अत्यावश्यक सेवाका लागि सवारी पास नचाहिने

**रासस**
**काठमाडौं, २६ कार्तिक**

मतदानको दिन अत्यावश्यक सेवाका लागि सवारी अनुमितपत्र लिनु नपर्ने भएको छ। निर्वाचन आयोगले मङ्सिर ४ गते मतदानको दिन अत्यावश्यक सेवाका सवारी साधन प्रयोग गर्न सवारी अनुमतिपत्र लिनु नपर्ने गरी सहज आवागमनको व्यवस्था गरेको हो।

बिरामी बोकेको एम्बुलेन्स, शव वाहन, दमकल, खानेपानीको ट्याङ्कर, फोहोरमैला ओसारपसार गर्ने सवारी साधन, दूध बोक्ने सवारी साधन, दूरसञ्चार तथा केवल सेवाका लागि प्रयोग हुने सवारी साधन, अस्पतालमा कार्यरत परिचयपत्र प्राप्त चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीको आवागमनका लागि प्रयोग हुने सवारी साधनका लागि अनुमित लिनु नपर्ने आयोगले जनाएको छ। यस्तै सूचना तथा प्रसारण विभाग वा प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालय वा प्रदेश सरकार माहतहतको सञ्चार प्राधिकरण वा अन्य त्यस्तै प्रकृतिको नियामक निकायबाट जारी गरिएको प्रेस पास वा प्रचलित कानूनबमोजिम दर्ता र प्रेस काउन्सिल नेपालमा सूचीकृत भई सञ्चालनमा रहेका सम्बन्धित सञ्चार गृहबाट जारी परिचय पत्र बाहक सञ्चारकर्मीले प्रयोग गर्ने सवारी साधन निर्वाध रूपमा सञ्चालन हुनेछन्। निर्वाचन आयोगबाट जारी परिचयपत्र वाहक पर्यवेक्षक, अवलोकनकर्ता,अनुगमनकर्ताले प्रयोग गर्ने सवारी साधन, तरकारी, फलफूल तथा विद्युत् सेवाका लागि प्रयोग हुने सवारी साधन, कूटनीतिक नियोग, युएन एजेन्सी र द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार संस्थामा कार्यरत पदाधिकारी एवं कर्मचारीले प्रयोग गर्ने निलो नम्बर प्लेट भएको सवारी साधन विदेशी पर्यटक मात्र बोकेको हरियो नम्बर प्लेट भएको सवारी साधनका लागि पास नचाहिने आयोगले जनाएको छ।

सुरक्षाकर्मीले प्रयोग गर्ने सुरक्षा निकायको सवारी साधन, आफू खटिएको मतदान केन्द्रसम्म जान र मतदान केन्द्रबाट फर्किनको लागि मतदान कार्यमा खटिने कर्मचारी तथा स्वयंसेवकले प्रयोग गर्ने सवारी साधन मतदानका दिन निर्वाधरूपमा सञ्चालन हुन पाउनेछन्। अत्यावश्यक सेवाका सवारी साधन मतदाता ओसारपसार गर्ने कार्यमा प्रयोग गर्न नपाइने आयोगले जनाएको छ।

# पानी ल्याउन २ घण्टा हिंड्नुपर्ने

**रासस**
**गुल्मी, २६ कार्तिक**

गुल्मी मदाने गाउँपालिका-६ पुर्कोट दहकी पवित्रा विक (५८) हरेक विहान कम्तीमा २ घण्टा एक गाग्री पानी भर्नका लागि खर्चनुहुन्छ।

उहाँ विगत १२ वर्षदेखि हरेक विहान एक गाग्री पानी भर्नका लागि एक घण्टा पैदल दूरी गरी फुर्कोटदेखि थाम्का पुग्नुहुन्छ। यसरी दुःख गरी ल्याएको पानीले खाना पकाएपछि उहाँ गिट्टी कुट्न छिर्नी पुग्नुहुन्छ।

विक ४६ वर्ष पुग्दा श्रीमानको मृत्यु भएपछि घर खर्चका लागि गिट्टी कुट्ने काममा लाग्नु भयो। तर एक दशकभन्दा बढी समयदेखि पानीका लागि सङ्घर्षरत उहाँलगायतकाको समस्या समधानका लागि आश्वासन धेरै आएपछि व्यवहारिक रूपमा कसैले पनि काम गरेको छैन। स्थानीय सरकारले पनि समस्या समाधानमा चासो नदेखाएको भन्दै उहाँले गुनासो गर्नुभयो। विक जस्तै फुर्सी चुँदाराको पनि दैनिकी पनि उस्तै छ। खानेपानी बोकेर जोहो गर्नुपर्ने बाध्यताका बीच उहाँको घरखर्च चलाउनका लागि गिट्टी कुट्नुपर्ने बाध्यता छ। जिल्लाभर चुनावी रौनकताले छोएका बेला उहाँ भने गिट्टै कुट्न मै व्यस्त हुनुहुन्छ। "हामी हरेक दिन सडक छेउ बसी गिट्टी कुटिरहेका छौँ", गिट्टी कुट्दै गरेकी उहाँले भन्नुभयो, "चुनावले होला झण्डा फहराउँदै गाडी हुँइकिएका छन् तर हाम्रो हालचाल सोध्न रोकिएको थाहा छैन।" उहाँहरू कम्तीमा यहाँको खानेपानीको समस्या समाधान गरिदिए धन्य हुने बताउनुहुन्छ। पुर्कोट दहकै ६० वर्षे कमला चुँदारा पनि खानेपानीको समस्या समाधान छिटो होस् भन्ने कामना गर्दै आउनु भएको छ। "म जान्ने भएदेखि नै खानेपानीको समस्या छ, तर समस्या समाधानमा कसैले चासो देखाएन", उहाँले भन्नुभयो, "यो समस्या समाधान भए हाम्रो दैनिकी सहज हुने थियो।" उनीहरूले गिट्टी कुट्ने ठाउँ छिर्नी सालझण्डी-ढोरपाटन राजमार्गअन्तर्गत मदाने गाउँपालिकामा हो।

यस क्षेत्रमा प्रतिनिधिसभा सदस्यका लागि सत्तारुढ गठबन्धनको तर्फबाट नेकपा एकीकृत समाजवादी नेतृ रामकुमारी झाँक्री र नेकपा एमालेको तर्फबाट गोकर्ण विष्ट उम्मेदवार हुनुहुन्छ।

प्रदेशसभा सदस्यका लागि सत्तारुढ गठबन्धनको तर्फबाट नेकपा (माओवादी केन्द्र)का वृद्धि जिसी र नेकपा एमालेका तर्फबाट दिनेश पन्थी उम्मेदवार हुनुहुन्छ।

थाम्का टोलमा रहेको खानेपानीको समस्या केही दिनमै समाधान हुने पुर्कोट दहका वडाध्यक्ष मनिराम थापाले दाबी गर्नुभयो। उहाँले अग्लो स्थानमा सानो बस्ती रहेकालेखानेपानी पुऱ्याउन लिफ्टिङ आयोजना अन्तिम चरणमा पुगेकाले केही दिनमै समाधान हुने जिकिर गर्नुभयो।

# तीन तहमै एकीकृत निर्वाचन सुरक्षा कक्ष सञ्चालनमा- सेना

**रासस**
**काठमाडौं, २६ कार्तिक**

नेपाली सेनाले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा केन्द्र, प्रदेश र जिल्लामा एकीकृत निर्वाचन सुरक्षा कक्ष स्थापना गरी सञ्चालनमा ल्याएको छ।

मतदानस्थल सुरक्षा, मतदान सामग्री ढुवानी, जगेडा, हवाई गस्तीलगायत निर्वाचनसम्बन्धी सम्पूर्ण सुरक्षाका लागि करिब ७५ हजार जनशक्ति खटिने सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

निर्वाचन सुरक्षार्थ सात सय ७९ स्थानमा फौज परिचालित भई तैनाथ भइसकेको जानकारी दिइएको छ। सेनाले मतदानस्थलमा बाहिरी घेरामा रही सुरक्षा प्रदान गर्ने छ। सेनाले निर्वाचन सुरक्षाका सन्दर्भमा हालसम्म आठ सय ३२ बम डिस्पोजन टोली परिचालन गरिसेको छ भने बाँकी एक सय ४३ टोली तयारी अवस्थामा रहेको जानकारी दिएको छ।

निर्वाचन आयोग परिसरमा निर्वाचन प्रयोजनका लागि आवश्यक सामग्री प्याकिङ गर्न खटिएका एक सय सैनिक जनशक्तिले सुम्पिएको कार्य जिम्मेवारी पूरा गरी युनिटमा फिर्ता भइसकेको छ। आगामी निर्वाचनका लागि हिमाली जिल्ला जुम्ला, मुगु, हुम्ला, मनाङ, मुस्ताङ, डोल्पा र बाजुरामा सेनाको हवाई साधनद्वारा मतपत्र ढुवानीको कामसमेत पूरा भइसकेको छ।

यसअघि सेनाकै सुरक्षामा सम्पूर्ण मतपत्र छपाइको काम भएको हो। उक्त मतपत्र सुरक्षाका लागि खटिएका एक सय ४३ सैनिक जनशक्तिमध्ये आइतबारबाट अत्यावश्यकबाहेक अन्य फिर्ता हुने निर्देशनालयले जनाएको छ।

सेनाले हाल एक सय छ महत्वपूर्ण संरचना, कारागार, विमानस्थमा तैनाथ रहेकामा केही दिनभित्रै थप पाँच कार्यस्थलमा खटिँदैछ।

# विकास र समृद्धिको सपना बाँड्दै उम्मेदवार

**– खेमराज गौतम**
**बागलुङ, २६ कार्तिक (रासस)**

बागलुङका उम्मेदवारले बागलुङको विकास र समृद्धिको सपना लिएर निर्वाचनको मैदानमा उत्रेका छन्। बागलुङमा चुनावी मैदानमा उत्रिएका अधिकांश उम्मेदवारले सार्वजनिक गरेको प्रतिबद्धतापत्रअनुसार बागलुङको विकासका लागि ठूला सडक कालोपत्र गर्ने, विमानस्थल चलाउने, शिक्षा र स्वास्थ्यको विकासमा काम गर्ने र समग्र बागलुङलाई राष्ट्रिय विकाससँग जोड्ने उल्लेख गरेका छन्।

सत्तारुढ गठबन्धनको तर्फबाट जारी भएको प्रतिबद्धतापत्रमा आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास र संस्थागत विकासका लागि गठबन्धनले जित हासिल गर्नुपर्ने उल्लेख गरिएको छ। प्रतिबद्धतापत्रमा राष्ट्रिय राजनीतिमा बागलुङको आवाजलाई बुलन्द गर्न, अलपत्र विकासका योजना अगाडि बढाउन, सम्मुनत बागलुङ, सम्मानित बागलुङवासी बनाउनका लागि निर्वाचनमा आएको उल्लेख गरिएको छ। प्रतिबद्धतापत्रमा कालिगण्डकी करिडोर र मध्यपहाडी लोकमार्ग कालोपत्र गर्नमा पहल गर्ने, पालिका केन्द्रसम्म पक्की सडक पुऱ्याउने, वडाको केन्द्रसम्म स्तरीय सडक पुऱ्याउने, व्यवसाय सञ्चालनमा युवालाई अनुदानका कार्यक्रम ल्याउने, धवलागिरि अस्पताललाई स्वास्थ्य विज्ञान प्रतिष्ठानका रूपमा स्तरोन्नति गर्ने, मनोपरामर्श केन्द्र स्थापना गर्ने, कृषिमा आत्मनिर्भर गराउने, महत्वपूर्ण पर्यटकीयस्थलको विकास गर्नेलगायत प्रतिबद्धतापत्रमा उल्लेख गरिएको छ।

सांसदले संसद्मा नीति बनाउँदै विकासमा सहज बातावरण बनाउने भए पनि जनतासामु विकासको माग धेरै रहेको गठबन्धनबाट बागलुङ क्षेत्र नं १ का प्रतिनिधिसभाका उम्मेदवार तथा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले बताउनुभयो। "संसद्को काम भनेको नीति निर्माण गर्ने हो, विकास निर्माणमा मन्त्रालय छ तर जनताको आवाज विकासमा छ, मैले नै संसद् विकास कोष चाहिँदैन भन्दै हिँडे, अहिले जनतासमक्ष पुग्दा कोष चाहिने रहेछ भन्ने लाग्यो", केसीले भन्नुभयो, "बागलुङ विकासमा पछाडि छ, बागलुङको समग्र विकासमा हाम्रो गठबन्धनको मुख्य भूमिका रहन्छ।" गठबन्धनको तर्फबाट जारी भएको घोषणापत्रमा बस्ती विकास, वैकल्पिक ऊर्जा, खानेपानीको पहुँच, उद्योग, व्यापार र रोजगारीलाई बढी जोड दिइएको छ। यस्तै नेकपा (एमाले)को तर्फबाट सार्वजनिक भएको घोषणापत्रमा बागलुङका ठूला योजनाबाटै समृद्धि हासिल गर्न सकिने उल्लेख गरिएको छ। घोषणापत्रमा पर्यटनबाट बागलुङको विकास गर्न सकिने र निकै सस्तो परियोजनाका रूपमा रहेको उत्तरगङ्गा जलाशययुक्त जलविद्युत् आयोजना सुरु गर्न सरकारलाई दबाब दिने, ढोरपाटन क्षेत्रको विकास गर्नेलगायतका योजना घोषणापत्रमा समावेश गरिएको छ। एमाले बागलुङले जारी गरेको घोषणापत्रमा ग्रामीण सहरलाई प्रविधिमैत्री बनाइने, सिटीहल निर्माण गरिने, एक पालिका एक बारुणयन्त्र खरिद गर्ने, बलेवा विमानस्थललाई सञ्चालनमा ल्याइने, एक वडा एक सहकारी, घर-घरमा रोजगारी, एक घर एक स्वरोजगार, बाङ्गेचौरलाई रङ्गशाला निर्माण गरिने, उद्यमीसँग हाम्रो बाँचा मेड इन बागलुङको ब्राण्डिङ र बजारीकरण, भूमिहीन र सुकुम्बासीसँग हाम्रो सङ्कल्प सबैको हातमा लालपुर्जालगायतका योजना समावेश गरिएको छ। एमालेबाट बागलुङ क्षेत्र नं १ प्रतिनिधिसभाका उम्मेदवार डा सूर्य पाठकले जनतालाई विकाससँग जोड्दै समग्र बागलुङको विकास र समृद्धिका लागि एमालेको जित आवश्यक रहेको बताउँदै आफ्ना एजेण्डासहित निर्वाचनमा होमिएको जानकारी दिनुभयो। "मैले पाँच वर्षमा बागलुङका थुप्रै समस्याका विषयमा सदनमा राखेको छु, बागलुङका ठूला विकासे योजना निर्माणमा सहकार्य गरेको छु, अस्पतालमा आइसीयू बनाउनसमेत संसद् विकास कोषको रकम हालेको छु", निर्वतमान सांसदसमेत रहनुभएका डा पाठकले भन्नुभयो, "पाँच वर्षमा केही कामको थालनी भएको छ, बलेवा विमानस्थल कालोपत्र भएको छ, कालीगण्डकी करिडोर कालोपत्रको चरणमा पुगेको छ, थुप्रै अधुरा काम गर्नका लागि पुनः पार्टीले चुनावी मैदानमा पठाएको छ।" एमालेको स्थानीय प्रतिबद्धतापत्रमा भकुण्डेलाई पर्यटकीय विशेष क्षेत्र बनाउने, जीर्ण सडकको स्तरोन्नति, पालिका जोड्ने सडक कालोपत्र र वडालाई स्तरीय सडक कालोपत्र गर्नेलगायतका योजना सार्वजनिक गरेको छ। यस्तै अन्य साना दलले समेत आफ्ना विकासे एजेण्डासहित चुनावी प्रचार-प्रसारमा लागेका छन्। बागलुङमा दुई प्रतिनिधि र चार प्रदेश सांसदको पदमा ३१ जना चुनावी मैदानमा हुनुहुन्छ।

यसैगरी कात्तिक महिना किसानलाई बर्खेबाली भित्र्याउन भ्याइनभ्याइ छ। अहिले गाउँका घरहरूको ढोका बन्द गरेर किसान खेतबारीमा व्यस्त भएको सन्दर्भमा उम्मेदवारलाई भने भोट माग्न हतारो छ। किसानलाई धान, कोदो भित्र्याउने चटारोको समयमा निर्वाचनको मिति नजिकिँदै गर्दा उम्मेदवार मतदाता खोज्दै घरदैलामा पुग्दा उम्मेदवारले अधिकांश मतदातालाई प्रत्यक्ष भेट्टाउन नसकेको जनाएका छन्।

धान र कोदोमात्रै होइन, वर्षभरि पशु आहाराका रूपमा रहेको पराल र नल थन्काउन किसान व्यस्त रहेको सन्दर्भमा प्रतिनिधिसभा र प्रदेससभाको निर्वाचन नजिकिँदै आएको छ, तर उम्मेदवारले मतदातालाई भेट्टाउन भने मुस्किल भएको छ। किसान खेतबारीमा व्यस्त भएपछि यसपटक उम्मेदवारले मतदातालाई भोट माग्ने शैलीलाई परिवर्तन गर्न बाध्य भएका छन्। कोणसभा र आमसभामार्फत् आफ्ना चुनावी एजेण्डा प्रस्तुत गर्दै आएका उम्मेदवारले यसपटकको निर्वाचनमा भने उम्मेदवारले फरक तरिकाले खेतबारीमै पुगेर भोट माग्न थालेका छन्। उम्मेदवार अहिले मतदाता रहेको स्थल खेतबारीमै पुगेर आफ्ना चुनावी एजेण्डा बताउँदै मत मागेको सामाजिक सञ्जालमा प्रष्ट देखिन्छ। कामको चटारो र निर्वाचन आयोगको निर्वाचन प्रचार-प्रसार मापदण्डअनुसार अहिलेका उम्मेदवार घरदैलो र खेतबारीमै पुग्नुपर्ने देखिएको छ। "अहिले सामाजिक सञ्जालको जमाना छ, कुन उम्मेदवारले कसरी भोट मागिरहेको छ, के एजेण्डा बोकेर गाउँ पसेको छ भन्ने कुरा क्षणभरमै घरमै बसेर थाहा पाइन्छ, गत निर्वाचनमा वडा-वडामा कोणसभा आयोजना गरी चर्को भाषण गर्ने काम हुन्थे", सामाजिक अगुवा काजी गाउँले श्रेष्ठले भन्नुभयो, "अहिले भड्किलो प्रचार छैन, घरदैलो र मतदाता भेटघाटमै उम्मेदवार लागेका छन्, यो कामको मौसम भएकाले होला मतदाता किसानले काम गरेकै स्थानमा पुगेको सामाजिक सञ्जालमा देख्न सकिन्छ, अहिले भोट माग्ने शैली पनि फेरिएको पाइयो।" बागलुङ क्षेत्र नं १ प्रतिनिधिसभाका उम्मेदवार डा पाठकले आफ्नो फेसबुक पेजमा खेतबारीमा पुगेर मत माग्दै गरेको, घरमा कोही फेला नपरे चिठ्ठी लेखेर छाडेको फोटो तथा भिडियो राख्दै आउनुभएको छ। पाठकले भोट माग्न घरमै पुगेर भिडियोकलमार्फत् अन्य स्थानमा रहेका आफन्तलाई समेत सहयोग गर्न आग्रह गर्नुभएको छ। अहिले भोट माग्न गाउँ-गाउँ पुग्ने क्रममा मतदाताको घर बन्द रहेको पाइएकाले आफूले मतदाता खोज्दै खेतबारीमा पुग्ने गरेको उम्मेदवार डा पाठकले बताउनुभयो। "अहिले हामीलाई मत माग्ने चटारो छ, मतदातालाई हाम्रो एजेण्डा सुन्नेभन्दा धान तथा कोदो भित्र्याउने चटारो छ, हामीले धान चुट्दै गरेको, धान काट्दै गरेको, दाइँ हाल्दै गरेको कोदो काट्दै गरेको स्थानमै पुगेर भोट मागिरहेका छौँ", उहाँले भन्नुभयो। यस्तै पाँचदलीय गठबन्धबाट बागलुङ क्षेत्र नं १ प्रदेशसभा (२) का उम्मेदवार नेपाली कांग्रेसका युवानेता डिल्लीराम सुवेदीले सकभर सबै जनताको घरमा पुगेर मत मागेको बताउनुभयो।

"जनता अब उम्मेदवार समक्ष होइन, उम्मेदवार जनता समक्ष पुग्नुपर्छ भन्ने मान्यताका साथ मतदाताको घर र घरमा फेला नपरे खेतबारीमा पुगेको छु", उम्मेदवार सुवेदीले भन्नुभयो "यसपटकको निर्वाचनमा आमसभाभन्दा घरदैलोमै पुगेर मतदाताको सुख, दुःख बुझ्ने र आफ्ना एजेण्डा बताएर मत मागिरहेको छु।" आमसभा र तडकभडक प्रचारभन्दा मतदाता भेटघाट नै प्रभावकारी देखिएको कतिपय उम्मेदवारको बुझाइ छ। बागलुङ क्षेत्र नं २ प्रदेशसभा (१) का गठबन्धनका उम्मेदवार जित शेरचन तथा सोही क्षेत्रका स्वतन्त्र उम्मेदवार प्रकाश घर्तीले आफ्नो चुनावी कार्यक्रम घरदैलो केन्द्रित भएको बताउनुभयो।

दुई प्रतिनिधिसभा र चार प्रदेशसभा क्षेत्र गरी छ पदका लागि विभिन्न उम्मेदवार मतदाता रिझाउन गाउँ-गाउँमा पुगेका छन्। सत्तारुण गठबन्धन र एमालेसहित साना दलका उम्मेदवार मतदाताको घरदैलोमा पुग्दै आएका छन्। राष्ट्रिय स्वतन्त्र पार्टीबाट बागलुङ क्षेत्र नं १ का उम्मेदवार बन्नुभएका खिमानन्द कँडेलले आफ्नो चुनावी अभियानलाई फरक शैलीमा अगाडि बढाउनुभएको छ। उहाँले सामाजिक सञ्जालको प्रयोगबाट मत माग्ने कामलाई तीव्रता दिनुभएको छ भने वडा तहमा आफ्नो चुनावी अभियान पुऱ्याउनुभएको छ।

मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि बागलुङमा गठबन्धन दल तथा स्वतन्त्र उम्मेदवारले आफ्ना चुनावी एजेण्डा र धारणासमेत सार्वजनिक गर्दै गाउँ-गाउँ पुगेका हुन्। बागलुङको दुई प्रतिनिधिसभा र चार प्रदेशसभा क्षेत्रमा हुने निर्वाचनका लागि विभिन्न दल तथा स्वतन्त्र उम्मेदवार गरी ३१ जना चुनावी मैदानमा हुनुहुन्छ।




## प्रदेश सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
# स्वास्थ्य निर्देशनालय
# पर्वत अस्पताल
## कुश्मा, पर्वत, गण्डकी प्रदेश, पोखरा

## डायलाइसिस तथा डायलाइसिसजन्य, ल्याव तथा ल्यावजन्य र सर्जिकल तथा सर्जिकलजन्य सामाग्रीहरूको खरिद सम्बन्धी सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०७/२७**

आ.व. २०७९/८० को लागि यस पर्वत अस्पताललाई आवश्यक पर्ने डायलाइसिस तथा डायलाइसिसजन्य सामाग्री, ल्याव तथा ल्यावजन्य सामाग्री र सर्जिकल तथा सर्जिकलजन्य सामाग्रीहरु सिलबन्दी दरभाउ पत्र आव्हान गरि खरिद गर्नु पर्ने भएकोले कानून बमोजिम अधिकार प्राप्त सम्बन्धित ईच्छुक ब्यक्ती, बिक्रेता फर्म तथा कम्पनीबाट निम्न लिखित शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउ पत्रको आब्हान गरिएको छ ।

१. यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र (मितिः २०७९/०८/११ गतेसम्म), सामग्री विक्रेता फर्म/कम्पनीले दर्ता प्रमाणपत्र र आ.व. २०७९/८० सम्मको नविकरण, व्यवसाय संचालन ईजाजत प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी रु. १० को टिकट निवेदनमा टाँस गरी कार्यालय समय भित्र निवेदन साथ रु. १०००।- (एक हजार रुपैया मात्र) का दरले सिलबन्दी दरभाउ पत्र फारम खरिद वापत लाग्ने दस्तुर नगद वा नेपाल बैंक लिमिटेड पर्वत शाखामा रहेको राजश्व खाता नं. २७३०२०००००१००१००००१ पर्वत अस्पतालको कार्यालय कोड नं. ३५००२४२०२४ मा जम्मा गरी सक्कल भौचर - रसिद साथ राखि (फिर्ता नहुने गरी) फर्म/कम्पनि वा निजले खटाएको आधिकारिकता पुष्टि हुने पत्रसाथ संलग्न गरि यस कार्यालयबाट दरभाउ पत्र फारम खरिद गर्न सकिने छ ।
२. सिलबन्दी दरभाउ पत्र खरिदकर्ता फर्मले दरभाउ खरिद गर्दा कार्यालय प्रमुखको दस्तखत कार्यालयको छाप भएकोदरभाउ पत्र फारम खरिद गर्नु पर्नेछ। खरिद भएको दरभाउ पत्र प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजेभित्र फाराममा प्रष्ट बुझिने गरी सही, छाप गरी सिलबन्दी गरि दरभाउपत्रदाता एवं पत्र वाहकको नाम, ठेगाना, सम्पर्क नं. समेत खुलाई सिलबन्दी दरभाउ पत्र फारम यस अस्पतालमा दर्ता गराउन सकिने छ ।
३. प्रत्येक दरभाउ पत्र दाताले दरभाउ पत्र जमानत बापत रु. १५००००।-(अक्षरुपी एक लाख पचास हजार रुपैयाँ मात्र) नेपाल बैंक लिमिटेड पर्वत शाखामा रहेको धरौटि खाता नं. ०६६०२०००००२००३००००१ जम्मा गरेको सक्कल बैंक भौचर वा वाणिज्य बैंकबाट यस अस्पतालको नाममा जारि गरिएको सो रकम बराबर ७५ दिनसम्म म्याद भएको बैंक ग्यारेन्टि पत्रको सक्कलदरभाउ पत्र साथ संलग्न गर्नुपर्ने छ ।
४. दरभाउ पत्र प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयभित्रमा खरिद गरिसक्नु पर्नेछ।
५. रितपूर्वक पेश भई दर्ता भएका दरभाउ पत्र १६ औं दिनको २:०० बजे दरभाउ पत्र दाता वा निजको प्रतिनिधिहरु, सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस अस्पतालमा कार्यालयमा खोलिने छ । सिलबन्दी दरभाउ पत्र फारम दर्ता गराउने फर्म वा निजको प्रतिनिधिको उपस्थिती नभएपनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।
६. सिलबन्दी दरभाउ पत्र दाखिला गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु त्यसपछिको लगतै कार्यालय खुल्ने पहिलो दिन सोही समयमा हुनेछ ।
७. प्रचलित नियमानुसार रित नपुगेको, म्याद नाघि प्राप्त भएको दउभाउपत्रलाई प्रक्रियामा लैजान कार्यालय बाध्य हुने छैन ।
८. दर्ता भएको दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमाबली २०६४ तथा प्रचलित ऐन नियमको अधिनमा रहि पर्वत अस्पताल अन्तरगत रहनेछ ।
९. एक ब्यक्तिको नाममा रहेको फर्म/कम्पनीबाट अर्को व्यक्ति फर्म/कम्पनीले दरभाउ पत्र फारम खरिद वा दाखिला गर्न पाइने छैन ।
१०. दरभाउ पत्र फारममा आईटम वाईज दर अंक र अक्षर दुबैमा स्पष्ट बुझीने गरी लेख्नु पर्नेछ। अंक र अक्षर बिचमा फरक परेमा बा केरमेट भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
११. दरभाउ पत्र फाराममा प्रत्येक सामाग्रीको (आईटम-वाइज) उत्पादन गर्ने कम्पनीको नाम अनिवार्य रुपले भर्नु पर्नेछ।
१२. सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ४० (ङ) अनुसार दरभाउ पत्र खरिद कर्ताले खरिद कारवाहिमा भाग लिन अयोग्य नभएको प्रस्ताबित खरिद कार्वाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा ब्यबसाय सम्बन्धित कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरिएको प्रमाण दरभाउ पत्र फारम साथ पेश गर्नुपर्ने छ।
१३. प्रचलित कानून बमोजिम अधिकार प्राप्त कम्पनीबाट उत्पादित सामाग्रीहरु सप्लाइ गर्नुपर्नेछ ।
१४. सामाग्री उपलब्ध गराउदा यदि सामाग्रीको म्याद गुज्रने (Expiry date) अबधी कम्तीमा १८ महिना रहेको अथवा ७५ प्रतिशत भन्दा बढि म्याद बाँकि रहेको उपलब्ध गराउनु पर्नेछ । साथै सामाग्रीको मिति गुज्रने अबधी समाप्त भएको सामान फिर्ता गरी तुरुन्त मिति अबधि लामो भएको सामाग्री सप्लाई गरिदिनु पर्नेछ।
१५. यस सूचनामा उल्लेख नभएका सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमाबलि २०६४ तथा प्रचलित नियम अनुसार हुनेछ।
१६. दरभाउ पत्र प्याकेजमा मुल्याङ्कन गरिनेछ ।
१७. सिलबन्दी दरभाउपत्रमा उल्लेखित सामाग्रीहरुको उपलब्ध गराउनु पर्ने परिमाणमा विरामीको चाप तथा माग र अन्य कारणले केही अंश थपघट भएमा सो लाई समेत स्वीकार गर्नुपर्नेछ तर सामाग्रीको दरमा फेरबदल हुने छैन ।
१८. विक्रेता फर्म वा कम्पनीले दरभाउ पत्रमा उल्लखित रकमको सामाग्रीको आवधिक रुपमा आपूर्ती गर्नुपर्ने छ।
१९. थप जानकारीको लागि सम्पर्क नं. ९८५७६२१११९ मा सम्पर्क राख्नु होला ।
२०. प्रचलित कानुनको अधिनमा रही पर्वत अस्पतालको हितमा हुने गरि दरभाउ पत्र फारमको उल्लेखित विवरणमा आवश्यकता अनुसार थप घट र संसोधन गर्ने तथा छनौट सम्बन्धी कार्य-प्रक्रिया सहितको अन्तिम अधिकार सार्वजनिक खरिद ऐन नियवालीसँग नबाझिने गरी पर्वत अस्पतालमा निहित रहनेछ ।
२१. यस सूचनामा उल्लिखित बिषयको हकमा यसै बमोजिम र उल्लेख हुन छुट भएका बिषयहरुको हकमा सो सम्बन्धमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।
२२. विरामीको चाप तथा अन्य कारणले यस सिलबन्दी दरभाउपत्र बमोजिमको रकमले खरिद हुने सामाग्री नपुग भएमा र फेरी सिलबन्दी दरभाउपत्र वा अन्य प्रक्रियाबाट खरिद गर्न अस्पताल असमर्थ भएमा यस सूचना बमोजिम स्वीकृत सिलबन्दी दरभाउ पत्रको दररेटमा पुनः खरिद गर्न यस अस्पतालले इच्छा देखाएमा सो समेत फर्मले उपलब्ध गराउनु पर्नेछ ।

| क्र.स. | ठेक्का नं | बिबरण | कूल लागत | धरौटी रकम |
|---|---|---|---|---|
| १ | PH/Dialysis/01/2079/080 | डायलाइसिस तथा डायलाइसिसजन्य सामाग्री खरिद | रु. ४९,४०,५१४।४३ | रु. १५००००।- |
| २ | PH/Lab/01/2079/080 | ल्याव तथा ल्यावजन्य सामाग्री खरिद | रु. ४९,४७,८७६।३८ | रु. १५००००।- |
| ३ | PH/Surgical/01/2079/080 | सर्जिकल तथा सर्जिकल जन्य सामाग्री खरिद | रु. ४९,०३,७९५।०८ | रु. १५००००।- |

मेडिकल सुपरिटेण्डेन्ट




कास्कीका मतदान केन्द्रमा पठाउनका लागि प्रदेश निर्वाचन कार्यलय गण्डकी प्रदेश परिसरमा तयारी अवस्थामा राखिएका मतपेटिका । तस्बिर : जमुना वर्षा शर्मा, रासस

# लोकतन्त्र र संविधानको रक्षार्थ गठबन्धन : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**तनहुँ, २६ कार्तिक**

नेपाली कांग्रेसका वरिष्ठ नेता एवं तनहुँ क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार रामचन्द्र पौडेलले लोकतन्त्र र संविधानको रक्षाका लागि गठबन्धन गरेर अघि बढेको बताउनुभएको छ ।

जिल्लाको व्यास नगरपालिका-१२ छिर्कनमा आज आयोजित सभालाई सम्बोधन गर्दै नेता पौडेलले भन्नुभयो, "राजनीतिक यात्राको अवधिभर मैलै कुनै पनि दाग नलगाएको व्यक्ति हुँ । भ्रष्टाचारी मुद्दा लागेका व्यक्तिलाई मत दिएर खेर नफ्याँक्नुहोस् ।"

स्वतन्त्रबाट तनहुँ क्षेत्र नं १ का प्रतिनिधि सभासदस्य पदका उम्मेदवार रहनुभएका गोविन्दराज जोशीप्रति लक्षित गर्दै नेता पौडेलले भन्नुभयो । भ्रष्टाचार लागेका व्यक्तिले चुनाव जिते पनि संसद् छिर्न नपाउने हुँदा समयमै ख्याल गर्न आग्रह गर्नुभयो । आफ्ना अपूरा योजनालाई पूरा गर्दै गाउँगाउँमा बस्ने वातावरण सिर्जना गरी रोजगारीको व्यवस्था मिलाएर विदेशिने शक्तिलाई रोक्न पहलकदमी गरिने उहाँले बताउनुभयो ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र खतरामा पर्ने देखिएकाले त्यसको रक्षा गर्दै देशमा सुशासन कायम गर्न गठबन्धन आवश्यकता देखिएकाले गठबन्धन गरेको उहाँको स्पष्टोक्ति थियो । केही अधुरा काम पूरा गर्दै समृद्ध नेपाल निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने उहाँको प्रतिबद्धता रहेको छ । कार्यक्रममा गठबन्धनका नेकपा (माओवादी केन्द्र)का प्रदेश सभासदस्यका उम्मेदवार हरिबहादुर चुमानले गठबन्धनको सरकारले देश विकासमा कायपलट गर्ने योजना लिएर अघि बढेकाले बिजयी गराउन आवश्यक रहेको बताउनुभयो ।

# कुश्मा-बलेवा यान्त्रिक पुल बन्द गरिने

**पोखरापत्र संवाददाता**
**पर्वत, २६ कार्तिक**

पर्वतको र बागलुङको बलेवा जोड्ने गरी निर्माण गरिएको केबुलकार मोडेलको यान्त्रिक पुल केही दिन बन्द हुने भएको छ ।

पुलको नियमित मर्मतका लागि झण्डै एक साताका लागि बन्द गरिने कम्पनीले जनाएको छ । पुलको दुवै भागमा रहेका लठ्ठा, डब्बा तथा अन्य मेसिनरी सामानको नियमित मर्मत तथा सफाइका लागि बन्द गरिने कुश्मा-बलेवा यान्त्रिक पुल लिमिटेडका सञ्चालक केदारनाथ शर्माले जानकारी दिनुभयो । पर्वतको सदरमुकाम कुश्माबाट बागलुङ नगरपालिका वडा नं १४ बलेवासम्म जोडिएको उक्त पुलबाट दैनिक पाँच सय सर्वसाधारण आवातजावत गर्दै आएका छन् । पुलका डब्बा तान्न प्रयोग हुने मसिना लठ्ठा एक-एक वर्षमा परिवर्तन गर्नुपर्ने भएकाले बन्द गर्नुपरेको शर्माले बताउनुभयो । तर यसपटक लामो समयपछि मात्रै मर्मत गर्न थालिएको हो ।

यान्त्रिक पुल बन्द हुँदा दुवै क्षेत्रका सर्वसाधारण एक घण्टाको घुमाउरो बाटो यात्रा गरी बडागाउँ-कैया झोलुङ्गेपुल वा शुल्क तिरेर बन्जी पुलबाट आवातजावत गर्नुपर्ने बाध्यता सिर्जना भएको छ । यो पुल दक्षिणी बागलुङका एक दर्जन गाउँका बासिन्दाले प्रयोग गर्दै आएका छन् । पुल हेर्न आन्तरिक तथा बाह्य पर्यटकसमेत आउने गरेका छन् ।

२०६८ मा करिब रु चार करोडको लागतमा बनाइएको यो पुलबाट एक डब्बामा एकपटकमा आठ जना गरी दुईमा १६ जना मानिस आवातजावत गर्दै आएका छन् । पुलका कारण स्थानीयलाई यात्रामा सहजता हुनुका साथै सदरमुकाम कुश्माबजार र छिमेकी जिल्ला बागलुङको बलेवा क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढ्दै गएको छ । पुल प्रयोग गर्नका लागि स्थानीयवासी र अन्य यात्रुका लागि छुट्टाछुट्टै शुल्क निर्धारण गरिएको छ ।

# आँबुखैरेनीका दुई वडाका गाउँलाई पर्यटकीय गन्तव्य बनाइने

**पोखरापत्र संवाददाता**
**तनहुँ, २६ कार्तिक**

तनहुँको आँबुखैरेनी गाउँपालिका कार्यालयले गाउँपालिकाका दुई वडामा पर्ने गाउँलाई पर्यटकीय गन्तव्य बनाउने भएको छ । गाउँपालिका अन्तर्गत वडा नम्बर १ को गिरौनचौर र वडा नम्बर ६ को हिलेखर्कलाई नमूना पर्यटकीय गाउँ बनाउन लागिएको हो ।

यसका लागि गाउँपालिकाले दुवै वडामा रु ३०/३० लाख बजेट विनियोजन गरिसकेको गाउँपालिका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । उक्त क्षेत्रमा रहेका घरबासलाई व्यवस्थित गरी घुमाउने घरको संरक्षण एवं संवर्द्धन गरी पर्यटकलाई थप आकर्षण गर्ने लक्ष्य राखिएको छ ।

पृथ्वीराजमार्ग खण्डमा हुनसक्ने दुर्घटनालाई लक्षित गरी हाइवे इमर्जेन्सी अस्पताल एण्ड ट्रमा सेन्टर निर्माण गर्ने योजना बनाएको छ । आँबुखैरेनी गाउँपालिका-१ सत्रसयमा रहेको सार्वजनिक जग्गामध्ये करिब २० रोपनी जग्गा सदुपयोग गरी एक सय शय्या क्षमताको अस्पताल बनाउन सम्भाव्यता अध्ययन गर्न लागेको हो । प्रदेश र सङ्घीय सरकारका स्वास्थ्य मन्त्रालयमा अस्पताल निर्माणको लागि उक्त स्थान उत्तम रहेको भनी गाउँपालिका कार्यालयले सिफारिस गरेको अध्यक्ष चुमानले जानकारी दिनुभयो । सम्भाव्यता अध्ययनका लागि प्रदेश सरकारले केही बजेट विनियोजन गरेकाले छिट्टै अध्ययन गरी उचित स्थान ठहरिए प्रक्रिया अघि बढाइने उहाँले बताउनुभयो ।

राजमार्गसँगै जोडिएको उक्त स्थानमा करिब एक सय रोपनी जग्गा सार्वजनिक रहेकाले गाउँपालिकाले जग्गा संरक्षणका साथै सेवा प्रदान गर्न अस्पताल निर्माण गर्ने अवधारण अघि बढाएको हो । गाउँपालिकाको वडा नं २ र ४ को सिमनामा पर्ने ऐनापहरामा ऐनापार्क बनाउन लागेको छ । पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले चालु आर्थिक वर्षमा रु एक करोड ४० लाख विनियोजन गरिसकेको सो गाउँपालिका कार्यालयले जनाएको छ ।

बहुवर्षीय योजनाअन्तर्गत आफ्नै स्रोतमा डिपिआर गरी प्रक्रिया अघि बढाइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिनुभयो । कुल रु पाँच करोड लाग्ने अनुमानअनुरुप गौरवको आयोजनामा राखेर काम गर्न लागेको गाउँपालिका कार्यालयले जनाएको छ । पृथ्वीराजमार्ग भएर दैनिक सयौं सवारीसाधान गुड्ने हुँदा पर्यटकलाई आकर्षण गर्न सकेको अवस्थामा आयआर्जन गर्न सकिने प्रचुर सम्भावना देखिएको उहाँको भनाइ छ ।